# खेल्न जन्मिएको !

## Born to play !

by Graham Daniels and Stuart Weir

*For Ray and Annie Petre*
*in whose home much of this book was conceived and written.*

**प्रकाशक**

**सूवास्ना सेवकाई**
पोस्ट बक्स नं ८९७५ इ.पी.सी. २०५५
काठमाडौं, नेपाल
ईमेल : *fragrancesports@yahoo.com*





## उत्साहका दुई शब्दहरु

खेलकुदले मानव जीवनमा महत्वपूर्ण स्थान ओगटेको हुन्छ । शरीरलाई स्वस्थ, ताजा र स्फुर्त राख्न यसले धेरै सहयोग पुऱ्याएको हुन्छ । खेलकुदलाई क्रिस्चियनहरुले राम्रो प्रकारले हेर्नुपर्छ, त्यस्तै प्रकारले राम्रो विचार पनि गर्नुपर्छ । हाम्रा खेलाडीहरुमा कसरी राम्रो खेलको प्रदर्शन गर्ने भन्ने धारणा हुनुका साथै दर्शकहरुको बीचमा हाम्रो नैतिकता अनि गवाही राम्रो हुनुपर्छ । परमेश्वरले खेल जित्नुमा भन्दा पनि खेललाई हामीले कसरी प्रस्तुत गरेका छौं, अनि हाम्रो साक्षी कस्तो छ भन्ने कुरामा बढी ख्याल राख्नुहुन्छ ।

खेलमा प्रतिस्पर्धी त हुन्छ नै तर पनि उनीहरुमा रिस देखाएर होइन बरु खेलको नियमभित्र रही प्रेमसाथ खेल जित्नुपर्छ । एम्पायरलाई पनि आदर गर्नुपर्छ, परमेश्वरको प्रेम देखाउनुपर्छ । उसले नराम्रै कुरा गरे तापनि हामीले झगडा गर्ने पक्षमा लाग्नुहुन्न, हामी क्रिस्चियनहरु खेलको सिद्धान्तलाई राम्रोसँग पालन गर्नुपर्छ ।

यस पुस्तकमा खेलसम्बन्धी विविध असल नियमहरु लेखिएका छन् । यस किसिमको असल पुस्तकलाई उल्था गरी नेपाली भाषा बोल्ने पाठकहरु समक्ष ल्याउने जमर्को गर्नुभएको लागि भाई धीरजलाई धेर-धेरै धन्यवाद । यस पुस्तकको अध्ययनबाट पाठकहरुले प्रभुबाट प्रशस्त आशिष् पाऊन्, धन्यवाद ।

**रेभ. डा. मंगलमान महर्जन**
**वरिष्ठ पास्टर, क्वाइनोनिया पाटन मण्डली**
**कुमारीपाटी, ललितपुर ।**

# मेरो भन्नु



खेल्न जन्मिएको ! (Born to play !) नामक श्री धीरज श्रेष्ठद्वारा अनुवादित पुस्तक आध्योपान्त पढ्ने मौका प्राप्त भयो । नेपाली इसाई जगतमा यो किसिमको पुस्तक सायद पहिलो हो । परमेश्वरले मानिसलाई शरीर, मन आत्माको रुपमा सृष्टि गर्नुभयो । उहाँको दृष्टिमा यी तीनै पक्ष उत्ति कै महत्वपूर्ण छ । मानिसले गर्ने कार्यमा मानिसका तीनै पक्ष संलग्न रहन्छन् । वास्तवमा भन्ने हो भने मानिसको सुरुको अवस्था अथवा बाल्यकाल खेलमै बित्छ । यो नै उसको प्रमुख कार्य हो । खेलकुदको हामी मानिसको जीवनमा महत्वपूर्ण स्थान छ ।

प्रस्तुत पुस्तक "खेल्न जन्मिएको!" पेशेवार खेलाडीहरुको साक्षीको सङ्गालोको रुपमा पाएको छु । उहाँहरुले खेलद्वारा परमेश्वरलाई महिमा दिने प्रयास गरेका छन् । परमेश्वरको वचन अनुसार तिमीहरु जे पनि गर्छौ परमेश्वर कै महिमाको लागि गर (१ कोरिन्थी १०:३१) भन्ने आज्ञा उनीहरुले पूरा गर्न खोजेका छन् । यसले हामीलाई निश्चय नै हौसला प्रदान गर्दछ ।

अन्त्यमा, पाठकवर्गलाई यस पुस्तकले पेशेवार खेलकुद, अथवा प्रतिस्पर्धात्मक वा सामान्य खेल प्रतिको ज्ञान र अभिरुचि विकासमा सहायता गर्ने नै छ ।

**राजेन्द्र कुमार रोंगोंग पी.एच.डी**
प्राध्यापक (शिक्षा)
लेखक, हेल्थ एण्ड फिजीकल एजुकेशन
एल्डर, नेपाल इसाई मण्डली, ज्ञानेश्वर



# विषय सुची


१. आज शनिवार ! ..................... ५
२. के परमेश्वर खेलकुद मनपराउनु हुन्छ ? ..................... ८
३. एक जनाको श्रोतागण ..................... १२
४. ११०% दिनुहोस् ..................... १६
५. समूह (एकसाथ सबैले धेरै उपलब्धी गर्दछ) ..................... २०
६. सबै एकै जनाको निम्ति, र एक सबैको लागि ..................... २३
७. उसलाई मार ! ..................... २९
८. अम्पाएरलाई प्रेम गर्नु - तपाईं गम्भीर हुनुहुन्न ! ..................... ३३
९. व्यवसायिक बेइमानी ..................... ३७
१०. खेल पुन: आरम्भ गर्नु ..................... ४१
११. प्रशिक्षक सँग कुरा गर्नुहोस् ..................... ४८
१२. खेललाई आफ्नो अभियान बनाउनुहोस् ! ..................... ५१

# १.आज शनिवार !

## *It’s Saturday !*

**“परमेश्वरले मलाई उद्देश्यको निम्ति बनाउनु भयो तर उहाँले मलाई छरितो पनि बनाउनु भयो र जब म दगुर्छु उहाँ प्रसन्न हुनुभएको अनुभव गर्दछु ।”**

*- एरीक लीडेल, च्यरियट्स अफ फायरमा*

(Eric Liddel in Chariots of Fire)

यो शनिवारको विहानी हो र तपाईं बिउँझनुहुन्छ र सोंच्नुहुन्छ, “हो । यो शनिवार हो र आज अपरान्ह मेरो खेल छ ।” तपाईं येशू ख्रीष्टप्रति समर्पित हुनुहुन्छ, तपाईं आफ्नो परिवारलाई प्रेम गर्नुहुन्छ र तपाईं आफ्नो नोकरी मन पराउनुहुन्छ तर तीन बजे शनिवार अपरान्ह जागृत हुनुहुन्छ अद्वितीय प्रकारले । तपाईंको साताको यो केन्द्रबिन्दु हो । तपाईं खेल्नको निम्ति जन्मिनुभयो । यदि तपाईं आफूलाई यो विचारद्वारा पहिचान गर्नुहुन्छ वा यो सर्वदृष्यलाई स्वीकार गर्नुहुन्छ भने यो किताब तपाईंको लागी हो ।

सम्भवत, इसाई जीवनमा तपाईंको खेलकुद प्रतिको चाहना काहाँ अटाउँछ भनि देख्नलाई तपाईं संघर्ष गर्न सक्नुहुन्छ । तपाईं कहिले पनि आफूलाई यति जीवीत पाउनुहुँदैन जति तपाईं खेल मैदानमा आफूलाई पाउनुहुन्छ, खेलको दौरानमा । बल खोस्ने रोमांचक क्षण र अंक प्राप्त हुने पास मिलाउने मज्जा अचम्मको हुन्छ, प्राय अरु सबै अनुभवहरु भन्दा महान् । त्यो कसरी हुनसक्छ ?

हामी मध्ये धेरैले अनुभव गर्दछौं कि हामी दोधारे जीवन जिउँछौं । खेलकुद

क्लबमा हामी ख्रिष्टियन हुन धेरै सचेत हुन्छौं र छल नगर्न, कसम नखान वा धेरै नपिउन  सर्तक हुन्छौं, । तर चर्चमा कहिलेकाहिं मानिसहरु सोच्छन् कि हामी ख्रीष्टमा भन्दा खेलमा बढी समर्पित छौं । यी भिन्ना भिन्नै जीवन झैं लाग्दछ । हामी आइतवारको(मण्डली जाने दिन) दिन इसाई हुन सजिलो पाउँछौं तर धेरै गाह्रो पाउँछौं शनिवार(खेल खेल्ने दिन) अपरान्ह । के हामीले खेल्न रोक्नुपर्छ ? तर हामी खेल्न मन पराउँछौं । खेलकुद जहिले पनि हाम्रो जीवनको केन्द्रबिन्दु भएको छ ।

हामी निरन्तर मण्डली जान्छौं, आफ्नो रुपैंया पैसा दिन्छौ र आफ्नो सानो झुण्डमा समर्पित हुन्छौं, हामी अझ धेरै चर्चामा भएका व्यक्ति पनि हुनसक्छौं - खैर, ठिकै छ, नहुन पनि सक्छौं । तर हामी खेलकुद मन पराउँछौं र हामी स्थानीय खेलकुद समूहको निम्ति खेल्छौं ।

यद्यपि तपाईं कहिलेकाहीं महसुस गर्नुहुन्छ कि मानिसहरुले तपाईंले खेलकुदलाई दिने समयलाई वहिष्कार गरिसके । “जोनले आफ्नो प्रथमिकता निश्चित गर्नुपर्छ र आफ्नो चाहनालाई(मनोरन्जन) भन्दा मण्डलीलाई अगाडि राख्नुपर्छ ।” तपाईं व्यवसायीक खेलाडी नभए सम्म, खेल्न जानको निम्ति कहिलेकाहीं साताको बीचमा जब घरेलु संगती छोड्नुपर्छ, तपाईं मुस्किलले भन्नुहुन्छ कि त्यहाँ किन तपाईं उपस्थित हुनुभएन । तपाईंलाई थाह छ खेलाडी भएता पनि तपाईं येशूलाई पछ्याउनमा कम हुनुहुन्न । तर कसरी तपाईं यो तनावलाई सुल्झाउनुहुन्छ ?

पहिलो कुरो हामीले थाहा गर्नुपर्छ कि परमेश्वरको जनका समूदायको एउटा अंश हुन महत्वपुर्ण छ । हिब्रु पत्रका लेखकले हामीलाई सो कुराको स्मरण गराउँछ । केही मानिसहरु आराधना सेवामा भेलाहुने बानीबाट बाहिरीसके, तर हामीले त्यसो गर्नुहुँदैन । हामीले निरन्तर एक अर्कालाई प्रोत्साहन दिनुपर्छ, मुख्यत: तपाईंलाई थाह छ कि प्रभुको आगमनको समय नजिक आउँदैछ । (हिब्रु १०:२५)

तपाईंको मण्डलीका अगुवासँग कुरा गर्नुहोस् । परमेश्वरले तपाईंलाई वरदान दिनुभएको छ र तपाईंको जीवनमा खेल खेल्ने बुलावट छ, भन्ने तपाईं महसुस गर्नुहुन्छ भनि उहाँहरुलाई भन्नुहोस् । देखाउनुहोस् कि, तपाईंले आफ्नो क्लबलाई संसारको त्यो भागको रुपमा लिनुभएको छ जहाँ तपाईंले येशू ख्रीष्टको प्रतिनिधित्व गर्नुहुनेछ । कहिलेकाहिं मण्डलीको संगति खेलको कारणले छुटाउनु पर्दा येशू वा उहाँको मण्डली प्रतिको समर्पणमा कमी आएको होइन भनि सम्झाउनुहोस् । तपाईंको निम्ति प्रार्थना गरिदिनको निम्ति अनुरोध गर्नुहोस् ।



यो किताबले यस्ता तनावहरुलाई औल्याउन सुरु गर्दछ । तपाईंलाई निम्न प्रश्नहरुमा संलग्न गराई यस्ता तनावहरु आइपरेको बेलामा सहयोग गर्दछ : के त्याहाँ खेलकुदको इसाई दृष्टिकोण छ ? के हाम्रो खेल्ने योग्यता परमेश्वरवाट हुन् ? कसले जित्छ वा हामी कसरी खेल्छौं भन्ने कुरामा के परमेश्वर वास्ता राख्नुहुन्छ ?

हामी विश्वास गर्दछौं कि खेल संसारमा हामी इसाई हुनसक्छौं, नराम्रो इसाई वा नराम्रो खेलाडी नबनीकन पनि । यस किताबले साधारणत: इसाई भएर वा इसाई तरीकाले खेल खेल्न नहुने किन, कुनै कारण छैन भन्ने कुराहरु देखाउँदछ ।

**विचार :**

खेल खेल्नु इसाई खेलाडीको जीवनको त्यती नै महत्वपूर्ण भाग हो जती मण्डली जानु हो । इसाई भएकाले हामीले सबै चीज येशू ख्रीष्टको निम्ति गर्नुपर्छ ।

**छलफल प्रश्न :**

खेल खेल्नु मेरो इसाई जीवनको अंश हो भनी यदी विश्वास गर्छु भने, कसरी त्यसले खेल प्रति हेर्ने मेरो दृष्टिकोण परिर्वतन हुनसक्छ ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

प्रत्येक खेलमा वा अभ्यासको समयमा जानु अघि प्रार्थना गर्नुहोस् ताकी तपाईं प्रभावकारी रुपले त्यसदिन येशू ख्रीष्टको प्रतिनिधित्व गर्नुहुन्छ ।

# २.के परमेश्वर खेलकुद मनपराउनु हुन्छ ?

***Does God like Sport?***

*१९९५ को गर्मी मौसमको साँझको समय गोथेनवर्गमा(Gothenburg) जोनथनले(Jonathan Edwards) त्रिपल जम्पको विश्व च्याम्पियन्सिप निर्णायक चरणको लागि उफ्रने तयारी गरे । एउटा विश्व स्तरका खेलाडी भएका कारणले जोनथनसँग पदक जित्ने सुनौलो अवसर थियो । नयाँ विश्व रेकर्ड बनाउँदै उनले १८.१६ मिटर उफ्रिए । त्यसपछि उनको अर्को प्रयासमा आफ्नै विश्व रेकर्डलाई तोडे र १८.२९ मिटरको अर्को नयाँ रेकर्ड बनाए ।*

इसाई भएकाले जोनथनले त्यस क्षणको निम्ति परमेश्वरलाई धन्यवाद दिए, तर परमेश्वरले त्यसलाई कसरी हेर्नुहुन्छ ? के परमेश्वर जोनथन सँग प्रसन्न हुनुहुन्छ ?

**आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो.. र परमेश्वरले ती सबै चीज हेर्नु भयो जुन उहाँले सृष्टि गर्नुभयो र ती सबै असल थिए ।**
***- उत्पत्ति १:१,३१***

व्यभिचारको विषयमा यदि तपाईं बाइबलको दृष्टिकोण पत्ता लगाउन चाहनुहुन्छ भने त्यो गाह्रो छैन । परमेश्वरले भन्नुभएको छ त्यो गलत हो । दश आज्ञामा पढ्न सक्नुहुन्छ, "व्यभिचार नगर्नु (प्रस्थान २०:१४) । यही सन्देश बाइबलमा पटक पटक उल्लेख गरिएको पाउँदछौं । बाइबललाई बुझ्न सजिलो



बनाउने कुनै पनि किताबमा तपाईंले अर्को पचासौं पदहरु पाउनुहुन्छ जसले व्यभिचारलाई गलत घोषणा गर्दछ । यो एउटा स्पष्ट प्रसंग हो ।

खेलकुद प्रति परमेश्वरले भन्नुभएको दृष्टिकोण जान्नको निम्ति हामीले बाइबलको स्पष्ट सिद्धान्त लिनुपर्छ र खेलकुदमा प्रयोग गर्नुपर्छ, जसरी हामीले सामान्य जीवनका अरु क्रियाकलापमा गर्नेगर्छौं । उत्पत्ति बाइबलको पहिलो पुस्तक हो र पहिलो दुई अध्यायमा सृष्टिको लेखा स्पष्ट रुपमा उल्लेख गरि एको छ । परमेश्वर नै संसारको हरेक चीजका सृष्टिकर्ता हुनुहुन्छ, जसलाई बाइबलले "असल थियो" भनी बारम्बार उल्लेख गर्दछ । यो लेख प्रशंसा र आश्चर्य जगाउनको निम्ति लेखिएको हो । हामीले यो बुझेको खण्डमा परमेश्वर प्रतिको हाम्रो धारणा नै परिवर्तन हुन्छ । हामीले जान्ने छौं कि सबै चिजमा र सँधै परमेश्वरको आराधना गर्नुपर्छ ।

त्यसो भए के परमेश्वरले खेलकुद बनाउनु भएको हो ? उत्तर चाहिं "हो" र "होइन" ! परमेश्वरले खेलकुद बनाउनु भएन मानिसले बनाए । त्यो परमेश्वर होइन जसले रग्बी स्कूलमा भकुण्डो उठाए र त्यसबाट रग्बी आविष्कार गर्नुभयो, ऐतिहासिक तथ्यले भन्दछ कि त्यो विलियम वेब इलिस(William Webb Ellis) पनि होइन, तर यो अर्को सन्र्दभ हो । जुन खेल हामी खेल्दछौं त्यो परमश्वरले सृष्टि गर्नुभएको होइन । यद्यपि त्यो परमेश्वर हुनुहुन्छ जसले मानिस सृष्टि गर्नुभयो । दगुर्न, उफ्रन, लत्याउन र समात्न सक्षम बनाउनुभयो । खेलकुद साधारणत: व्यवस्थित चाल हो । जहाँ हामी परमेश्वरले दिनुभएको यी विशेष योग्यताहरु प्रयोग गर्नसक्छौं ।

इसाई मण्डलीमा खेलकुद प्रतिको दुई गलत धारणाहरु भएको पाईन्छ । प्युरिटनका(Puritans) समयका केही इसाईहरुले खेलमा संलग्न हुनबाट प्रवल रुपमा निरुत्साहित गरेका छन् । यो हुनुको कारण चाहिँ यस क्रियाकलापलाई पापयुक्त सम्झनु वा खेलमा पाप संलग्न हुनु हो । खेलको वातावरण प्रवल रुपले अ-इसाई हुनु, प्राय मादक पदार्थ पिउनु र जुवा खेल्नु सँग संलग्न भएको र उत्तेजना र प्रतिस्पर्धाको आत्मालाई बढावा दिएको कारणले गर्दा नै इसाईलाई खेलकुदबाट अलग रहन निर्देशित गर्दछ । पूर्ण रुपमा खेललाई

सु-समाचारको साधनको रुपमा हेर्नु चाहिँ अर्को अव्यवहारिक दृष्टिकोण हो । इसाईले खेल खेल्नु ठिक छ तर सु-समाचारको निम्ति मात्रै । त्यस क्रियाकलापको स्वयंमा कुनै महत्व छैन ।

पक्कै पनि खेलकुदको संसार परमेश्वर रहित स्थान हुनसक्छ: तर के जीवनको हरेक पक्ष त्यस्तो हुनसक्दैन र ? परमेश्वरले दिनुभएको बरदान र क्षमता प्रयोग गर्ने क्रियाकलापमा खेलकुद त्यति नै मूल्यवान र उल्लेखनीय छ जति अरु मानविय कार्यहरु छन् । त्यसको अतिरिक्त खेलकुदमा धेरै सु-समाचार प्रचारका अवसरहरु छन् जसलाई हामीले दुवै हातले समात्नु पर्छ तर त्यो मात्र एकल कारण भने होइन जसले गर्दा खेल खेल्न समर्थन मिल्दछ । खेल खेल्न त्यति नै असल छ, जति अरु मानविय क्रियाकलापहरु छन् ।

त्यसो भए त्यो प्रश्नको उत्तर के हो, जसबाट हामीले सुरु गर्यौं : के जोनथनसँग परमेश्वर प्रसन्न हुनुहुन्छ त, जब उसले आफ्नो शरिरलाई कसैले उफ्रन नसकेको उचाइ उफ्रन प्रयोग गर्दछ ? हाम्रो उत्तर हुन्छ "हो" । परमेश्वरले जोनथनलाई सृष्टि गर्नुभयो र उहाँले उसलाई दगुने र उफ्रने क्षमता दिनुभयो - क्रमबद्ध उफ्रने र कदम मिलाउने सीप पनि भन्नु नपर्ला ।

परमेश्वरले जोनथनलाई हारेको दिनमा भन्दा जितेको दिनमा रति भर पनि बढ्ता प्रेम गर्नुहुन्न । जसरी जोनथनले उल्लेख गरेको छ, "मानव शरिरले १८.२९ मीटर उफ्रन सकेको तथ्य चाहिँ कति महान परमेश्वरलाई हामी सेवा गर्दछौं भन्ने कुराको गवाही हो । तर म सोंच्दछु कि मैले उफ्रेको दुरीले भन्दा पनि जित्दा वा हार्दा म कसरी प्रतिस्पर्धी साथीहरु समक्ष पेश हुन्छु र उनीहरु प्रति मेरो कस्तो दृष्टिकोण छ, त्यसमा परमेश्वर महिमित हुनुहुन्छ ।

यदि, जोनथनले आफ्नो योग्यता प्रयोग गर्दा त्यसमा परमेश्वर जसले उसलाई सृष्टि गर्नुभयो उहाँलाई महिमित पार्ने उसको उद्देश्य छ भने परमेश्वर आफूले बनाएको यस सृष्टिमा प्रसन्न हुन सक्नुहुन्छ । आउने अध्यायहरुमा यस कुरालाई ध्यानमा राखौं ।



**विचार :**

तपाईंको सफलता, ख्याति, पराजय र जीवनको यर्थाथलाई तपाईं कसरी सम्हाल्नुहुन्छ, यिनै कुराहरु हुन् जसले परमेश्वरलाई महिमा पुग्दछ, तपाईंले जित्नु भएको पदक, पुरस्कार तारिफले होइन ।

**छलफल प्रश्न :**

मण्डलीले संगीतलाई परमेश्वरको बरदानको रुपमा हेर्छ, तर खेलकुदलाई बरदानको रुपमा किन हेर्दैन ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

परमेश्वरले तपाईंलाई दिनुभएको खेल खेल्ने योग्यताको निम्ति धन्यवाद दिनुहोस् । जानुहोस् परमेश्वरको महिमाको निम्ति त्यसलाई प्रयोग गर्नुहोस् ।

# ३. एक जनाको श्रोतागण

## *An Audience of One*

*एउटा जवान अवस्थामा मलाई सम्झना छ जब मैले रग्बी प्रतियोगितामा भाग लिएको थिएँ, मेरो जीवनको ठुलो प्रतियोगिता । त्यो बेलायतको प्रतियोगिता थियो । म एकदमै अताल्लिएको थिए, राम्रो खेल खेल्न उत्सुक थिएँ र बेलायतको माथिल्लो चरणको प्रतियोगितामा छनौट हुन चाहन्थें । सयौं मानिसहरू प्रतियोगिता हेरिरहेका थिए तर मैले एकै व्यक्ति मात्र देखें - मेरी आमा जो पहिलो पटक मेरो खेल हेर्न आउनुभएको थियो । उहाँको उपस्थितिले खास गरी मलाई दुई प्रकारले असर गऱ्यो । उहाँलाई म एकदमै प्रसन्न पार्न चाहन्थें र प्रभाव पार्न चाहन्थें । यद्यपि सोही समयमा मलाई थाहा थियो कि यदि मैले सबै भन्दा नराम्रो खेल प्रदर्शन गरेता पनि उहाँले आफ्नो हातले मलाई अंगालोमा लिनुहुन्छ र भन्नुहुनेछ, "एलेक्स(Alex), तिमी मेरो छोरा हौ र म तिमीलाई माया गर्छु ।"*

-एलेक्स हयारीस, आएल्सबरी रग्वी क्लब
(Alex Harris, Aylesbury Rugby Club)

**तब परमेश्वरले भन्नुभयो, "हामीहरु मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं र तिनीहरुले समुद्रका माछाहरु, आकाशका पंक्षीहरु, पालिने पशुहरु, साह्रा पृथ्वी र जमीनमा हलचल गर्ने सबै जन्तुहरुमाथि अधिकार गरुन् ।" -** *उत्पत्ति १:२६*

इसाई मान्यताहरु र खेल मान्यताहरु बिचको तनावलाई निम्न सोंचमा समेटिएको पाइन्छ "तिमी त्यतिमात्र निपुण छौ जति तिमीले अघिल्लो खेलमा प्रदर्शन गरेका थियौ ।" खेलाडीले आफ्नो परिचय खेलबाट प्राप्त



गर्छ, समूहको एउटा हिस्सा भएर र प्रशिक्षक अनी दर्शकहरुले राम्रो सोंच्ने खालको खेल प्रदर्शन गरेर । तसर्थ उत्कृष्ट खेल प्रति खेलाडी सजिलै अभिमानी हुनसक्छ र आफ्नो असल प्रदर्शनलाई नै आफ्नो स्वाभिमानको आधार बनाउन सक्छ । समस्या यसमा यही छ कि जुन खेलाडीले यस साता आफ्नो समूहलाई जिताउने प्रहार गर्छ सोही खेलाडीले अर्को खेलमा समूहको लागि महत्वपुर्ण प्रहार छुटाउन पनि सक्छ र समूहले नै खेल गुमाउन सक्छ । यस्तो प्रदर्शनले त्यस खेलाडीको स्वाभिमानमा के गर्छ त ? यदि तपाईंको स्वाभिमान मानिसले तपाईंको खेल प्रदर्शनको बारे के सोंच्छन् त्यसमा भर पर्छ भने तपाईंको सारा जीवन नै रोटेपिङ्ग झैं बन्नेछ ।

पक्कै पनि, इसाई खेलाडी केही हद सम्म स्वत: यस्ता कुरामा अल्झीन सक्छन् । कसरी हाम्रो प्रदर्शनले अरुलाई प्रसन्न गर्छ भन्ने कुरामा हामी वास्ता राख्छौं । समूहको अरु साथीहरू झैं हामी पनि उतार चढाउमा तड्पीने गर्छौं । तर, बाइबलले सिकाउँछ कि त्यहाँ असल पाहुँच पनि छ ।

यो बुझ्नको लागि हामीले उत्पत्ति १:२६ मा नियाल्नु पर्दछ जहाँ हामी पढ्छौं कसरी परमेश्वरको अधिकारमा सारा सृष्टिलाई शाषण गर्न स्त्री र पुरुष बनाइए ।

तपाईंले कहिल्यै सोंच्नु भएको छ परमेश्वरले किन दश आज्ञामा कडा सँग मानिसलाई परमेश्वरको स्वरुप नबनाउनु भन्नुभयो (व्यवस्था २०:४) ? साधार ण छ, किनभने उत्पत्ति १:२६ ले हामीलाई सिकाउँछ कि यस संसारमा पर मेश्वरको स्वरुपहरु बनिसकेका छन् - तपाईं र म ! व्यवस्थाको २० मा भएको दोस्रो आज्ञाले वस्तुको कुनै स्वरुप बनाउन देखि रोक लगाउँदछ, उदाहरणको लागि सालिक, तस्वीर वा भवन, र त्यसलाई परमेश्वरलाई खुसी पार्न जाने स्थान बनाउनु ।

परमेश्वर हाम्रो सृष्टिकर्तालाई प्रसन्न पार्न कुनै पनि समय र स्थानमा मुर्ति अगाडी बसेर, वा निश्चित समयमा कुनै भवन भित्र गएर गर्नुपर्छ भनि रोक लगाउन सकिंदैन । परमेश्वरको स्वरुपमा बनाइएका हामी, उहाँले

बनाउनु भएको सारा सृष्टिमा उहाँको साथमा सधैं अधिकार गर्नुपर्छ -चौबिसै घण्टा, सातै दिन । यसको अर्थ हो जाहाँ हामी जान्छौं र प्रत्येक सेकेण्ड यसले समेट्दछ । यसमा प्रशिक्षण मैदान, कपडा बदल्ने कक्ष, खेल मैदान र समारोहहरू सबै पर्दछन् !

खेलमा खास गरी दर्शक वा अरुले हाम्रो प्रदर्शन बारे के सोच्छन् त्यो महत्वपुर्ण कुरा होइन, तर सर्वप्रथम हामी परमेश्वरलाई प्रसन्न पार्न जिम्मेवार छौं अनि सबै अरु कुरा अन्तमा आउँदछ । परमेश्वर जसले हामीलाई यो प्राण दिनुभयो, बनाउनुभयो आफ्नो स्वरुपमा उहाँको अधिनमा रहेर उहाँको सृष्टिमा शाषण गर्न र जसले हाम्रो उद्देश्य जान्नुहुन्छ, उहाँलाई प्रसन्न पार्न जरुरी छ । हामीहरु जब खेल खेल्छौं एक दर्शकको निम्ति खेल्न जरुरी छ ।

इसाई खेलाडी भएका कारण हामीले हाम्रो खेल खेल्ने योग्यता परमेश्वरको वरदान हो भनेर चिन्यौं भने अझै उहाँलाई प्रसन्न पार्न हामी ती सीप र योग्यताहरु प्रयोग गर्न चाहन्छौं - साधारणत: उहाँ जो हुनुहुन्छ त्यसकारण, यस ब्रमाण्डको सृष्टिकर्ता र मालिक, परमेश्वर जसले हामीलाई प्रेम गर्नुहुन्छ । हामी हाम्रा सीप र योग्यताहरु आराधनाका रुपमा उहाँलाई चढाउन चाहन्छौं । जसको अर्थ, यदि अन्तमा खेल हारेता पनि हामी उहाँलाई १००% दिन्छौं । यदि हाम्रो उद्देश्य आफ्नो महिमा बढाउनु भन्दा परमेश्वरलाई प्रसन्न पार्ने र उहाँलाई आदर गर्नु हो भने प्रतिस्पर्धात्मक भएर र आफ्नो पुर्ण याग्यताले खेल खेल्न लजाउनु पर्दैन ।

परमेश्वरलाई प्रसन्न पार्ने कुरा कस्तो देखिन्छ ? उत्पत्तिको दोस्रो अध्यायमा दुई सिद्धान्तलाई अंकित गरेको पाउँछौ, जून हामीले खेलकुदमा उपयोग गर्न जरुरी छ । पहिलो कुरा हामीले कसरी हाम्रा सीप प्रयोग गर्दछौं, दोस्रो, हामीले हाम्रा सम्बन्धहरु कसरी प्रयोग गर्दछौं ।

यो दुई पक्षलाई अर्को प्रकारले प्रस्तुत गरी पृथ्वीमा परमेश्वरको प्रतिनिधि भई हाम्रो सीप र हाम्रो सम्बन्धहरुलाई प्रस्तुत गर्ने हो भने येशू खीष्टले दश आज्ञाको संक्षिप्त रुपमा दिनुभएको “स्वर्ण नियम” अपनाउनु हो, जहाँ



येशू खीष्टले आफ्ना चेलाहरुलाई दुई महान् आज्ञा भन्नुभयो । उहाँले भन्नुभयो, **“तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नु । महान् र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफ्नैलाई जस्तै प्रेम गर्नु ।”**
□(मत्ती २२:३७-३९)

हामीले यी दुई सिद्धान्तहरु अब आउने अध्यायहरुमा अनुसरण गर्नेछौं ।

**विचार :**

म परमेश्वरको स्वरुपमा बनाइएको छु । म खेल समूहमा, मैदानमा, कुर्सीमा, मीनी बसमा, विश्राम स्थलमा र सबै ठाउँमा उहाँको प्रतिनिधि हुँ ।

**छलफलका प्रश्न :**

खेलकुद के हाम्रो जीवनमा मुर्ति झैं बन्ने खतरा छ ? कसरी खेलकुदलाई यथार्थ दृष्टिकोणमा हामीले राख्नसक्छौं ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

अरुले तपाईंको प्रदर्शनको बारेमा के सोंच्छ भनि विचार गर्नु अघि परमेश्वर सँग सोध्नुहोस् उहाँले के सोच्नुहुन्छ तपाईंको आजको प्रदर्शन बारेमा ।

# ४. ११०% दिनुहोस्

## *Give 110%*

*मेरो जीवनको हरेक पक्षलाई म इसाई भएर हेर्छु । म सँग भएको वरदान सहित परमेश्वरले मलाई बनाउनुभयो । उहाँ प्रसन्न हुनुभएको म महसुस गर्छु जब म गोल गर्छु ।*

-एल केनेडी, वोल्ड कोल्फिएन्स् र क्याम्ब्रिज विश्वविद्यालय
(AL Keenedy, Old Colfeians and Cambridge University)

**आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो** *- उत्पति १:१*

**परमेश्वरले मानिसलाई लिनुभयो र आदनको बगैंचामा राख्नुभयो त्यसको स्याहार र हेरविचार गर्न** *- उत्पति २:१५*

**आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र सारा समझले परमप्रभु आफ्नो परमेश्वरलाई प्रेम गर । -** *मत्ति २२:३७*

जब हामी कामको विषयमा सोच्छौं आफ्नो जीवन चर्या धान्न हामी हप्ताको ४० घण्टा जाहाँ पैसा कमाउन जान्छौं सो स्थानको बारेमा सोच्छौं ।

उत्पत्तिको किताबले कार्यको विषयमा अझ ठुलो र सम्पन्न दृष्य प्रस्तुत गर्दछ, काम गर्ने परमेश्वरको बारेमा प्रकाश पारि, नयाँ करारमा उल्लेख भए झैं जसले संसारमा आफ्नो पुत्र पठाउनुभयो सिकर्मीको रुपमा । उत्पत्तिको किताबमा हामी बस्ने संसारको सृष्टिमा परमेश्वरको हात भएको देखाउँछ । परमेश्वरले काम रुचाउनु हुन्छ !



उत्पत्ति २:१५ ले व्याख्या गर्दछ कि परमेश्वरलाई प्रसन्न पार्ने पहिलो उपाय चाहीं हामीले आफ्नो योग्यता प्रयोग गरेर उहाँको संसारलाई आकार दिने काममा उहाँ सँग संलग्न हुनु हो । यही काम हो, जून गर्न हामीलाई उहाँले बोलाउनुभयो ! यदि हाम्रो खेल खेल्ने योग्यता परमेश्वरको वरदान हो भने हामीले परमेश्वरलाई प्रसन्न पार्ने काममा यसलाई प्रयोग गर्दै संसारको एउटा भाग खेल संसारको हेर विचार गर्नुपर्छ । हाम्रो खेल खेल्ने योग्यता उहाँको खुसीको लागी हो, र पावलले पहिलो कोरिन्थी १०:३१ मा यसलाई स्पष्ट पारेका छन्, "यसकारण चाहे तिमीहरु खाओ, अथवा पिओ, वा तिमीहरु जेसुकै गर, सबै परमेश्वरको महिमाको निम्ति गर", र उनी फेरि कलस्सी ३:२३ मा यसरी लेख्छन्, "तिमीहरु जे गर्छौ दिलोज्यानले गर्ने गर, प्रभुको सेवा गरेजस्तै, मानिसको होईन"।

उत्पत्ति २:१५ पदमा "हेर विचार गर्ने, स्याहार गर्ने" जस्ता शब्दहरु प्रयोग भएका छन् । यस संसार संवर्धन गर्ने परमेश्वरको सृजनात्मक कार्यमा हामी हिस्सेदार हुनुपर्छ । हामी उहाँको प्रतिनिधित्व गर्न बनाइएका हौं । उहाँको महिमा गर्न आफ्नो सृजनात्मक बरदान आराधनाको रुपमा प्रयोग गर्नुपर्छ । हाम्रो खेलमा यसलाई प्रयोग गर्ने सम्बन्धमा हामी विचार गरौं ।

दक्षिण अफ्रिकी पौडीवाज, ओलम्पिक स्वर्ण पदक विजेता, पेनी हेन्स (Penny Heyns) द्रिढ विश्वास गर्दछन् कि : "पौडी मेरो लागी एउटा कक्षा कोठा भएको छ जहाँ परमेश्वरले आफ्नो क्षमताको बारेमा र उहाँमा विश्वास राख्ने कुरा मलाई सिकाउनुहुन्छ । मलाई सन्तुष्टिको त्यो महसुस सारै मनपर्छ जून म पौडी अभ्यास वा प्रतियोगिता पछी पाउँदछु र थाहा गर्दछु कि पौडी खेल्दै गर्दा मैले मेरो सारा अस्तित्व र सारा हृदय परमेश्वरलाई दिएँ । यो मैले उहाँलाई चढाउँन सक्ने सबै भन्दा असल आराधना हो । मलाई सम्झना छ, एउटा महत्वपूर्ण प्रतिस्पर्धा सुरुहुनु भन्दा अगाडी म निकै थाकेको थिए र मैले सोचें, 'म तल माथि पौडने छु र परमेश्वरको स्तुति गर्नेछु र आराधना गर्नेछु मेरा सबै सिपहरूले', आशा गर्दै थिएं कि मैले केवल आधा समय प्राप्त गर्नेछु" ।

परमेश्वरलाई प्रसन्न पार्ने कुराको मुल्याङ्कन हाम्रो प्रदर्शन बारे अरुले के भन्छ, त्यसमा निहित हुँदैन । वास्तवमा, हामीले जीत्न सक्ने पदकले पनि गर्न सक्दैन । परमेश्वरलाई प्रसन्न पार्ने कुरा चाहिँ यही हो कि हामीले आफ्नो सीपको सकेसम्म असल प्रयोग गर्नुपर्छ ।

केही वर्ष यता मैले सुनेको छु कि व्यवसायीक फुटबल क्लबका प्रशिक्षकहरु कुनै खेलाडी खिष्टियन् भए भन्ने कुरामा चिन्तित हुन्छन्, उनीहरु सोच्दछन् कि खेलाडीमा खेल प्रतिको रुचि हराउँदछ र प्रतिस्पर्धा गर्ने रहर हराउँछ । यो स्वत: गलत धारण हो ।

यो इसाईहरुको गलत धारणामा आधारित छ । धेरै पटक इसाईहरुले “सुसिल साधारण र धिमा येशू” भनि प्रचार गरेका छन् । इसाईहरु कमजोर देखिएका छन्, जसले अर्को गाला दिन्छन् र ढुलो खाने लात खान्छन् । इसाई भन्ने शब्द आधुनिक प्रयोगमा असल, राम्रो तर सुस्त/नासमझ भन्ने बुझिएको छ ।

उन्नाइसौं शताब्दीमा इसाई शारीरीक विकासको अभियान सुरु भएको थियो, किनभने मण्डलीहरू साह्रै नै शारीरीक सीथीलता र नम्रताको शिकार हुँदै थिए । कसैले यस्तो पनि सुझाव दिएका थिए कि स्वर्गमा सामर्थी स्वरमा गाउन मानिसको कमि हुनेछ ! यस अभियानले येशू खीष्ट एउटा पक्का मानिस थिए र उहाँका अनुयायीलाई पक्का मानिस बन्न उहाँले बोलाउनु भएको थियो भनि जोड दिन्थे । हामीले खेल जगतमा पुरुषार्थी येशू खीष्टको प्रतिनिधित्व गर्नुपर्छ ।

इसाई खेलाडी जसले परमेश्वरको महिमाको निम्ति आफ्नो सीप प्रयोग गर्नु भनेको केहो भन्ने बझेका छन्, उसले अझ क्लबमा समर्पीत भएर खेल्न जरुरी छ, किनभने परमेश्वरले दिनुभएको सीपहरु उहाँको निम्ति प्रयोग गर्ने सु-अवसर उसले पाएको छ ।

इसाई खेलाडी भएको कारण हामी त्यस्तो मानिस हुनुपर्छ जसले सबै परिस्थितिमा असल योगदान दिन्छ, जितोस्, हारोस् वा बराबरी होस् । म हार खाएर



भाग्ने हुँदिन तर आफ्नो प्रदर्शनवाट उत्कृष्ट नतिजा निकाल्न सधैं लम्कनेछु । यही नै कुराहरु हुन् खेल जगत्‌को “हेर विचार” गर्न परमेश्वरले हामीबाट चाहनुहुने ।

**विचार :**

इसाई खेलाडी क्लबमा कडा परिश्रम गर्ने व्यक्ति र जेहेन्दार हुन एकदम जरुरी छ ।

**छलफलका प्रश्नहरु :**

यदि मलाई क्लबमा समर्पीत, परिश्रमी खेलाडी हुनु छ भने मैले कसरी मेरो पेशा, परिवार र खेलको मागलाई सन्तुलन गर्नसक्छु ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

आफ्नो खेलको योग्यताहरु सर्वोत्तम स्थानमा विकास गर्नको निम्ति केन्द्रित हुनुहोस् ।

# ५. समूह (एकसाथ सबैले धेरै उपलब्धी गर्दछ)

## *TEAM (Together Everyone Achieves More)*

*१९६४ को ग्रीष्म कालीन ओलम्पिकको, दुई मानिस पाङ्ग्रे साधनमा बसेर विपक्ष समूह संग प्रतिस्पर्धा गर्ने खेलको यो निर्णायक दौड थियो । यो निकै प्रतिस्पर्धात्मक खेल थियो, विश्व वरियता इटालीका यूगेनीओ मोन्टे(Eugenio Monte) र बेलायतका रविन दिक्सन (Robin Dixon) र टोनी न्याश(Tony Nash) । तब एउटा विध्वसं ! बेलायतका जोडीले चाल पाए कि उनीहरूको पछाडीको भाग अल्झाउने पेच किला आधि भएको रहेछ । त्यसलाई परिवर्तन गर्ने त्याहाँ समय थिएन । टोनी ग्रेज(Tony Greig) को शब्द बेलायतको टिमको लागि थियो, "शुभ रात्री चार्ली" ।*

*मोन्टेले उनीहरुको बचन सुने र दोस्रो दौड पछि उनले आफ्नो साधनको(Bob) पेच किला निकाले र बेलायती साधनमा राख्नदिए । ब्रिटोनस्ले(Britons) त्यसमा स्वर्ण पदक जीते । मोन्टेले पछि त्यसमा आफ्नो प्रतिक्रिया यसरी र खे, 'एउटा खेलाडीको लागि मेरो कार्य साधारण थियो । आफ्नै स्थितिमा पुग्नको निम्ति तपाईं अर्को व्यक्तिलाई सहयोग गुर्नुहुन्छ ।'*

**लौ हामी मानिसलाई आफ्नै स्वरुपमा हामी जस्तै बनाउँ** - *उत्पत्ति १:२६*

**परमेश्वरले भन्नुभयो, "मानिस एक्लै हुनु उचित छैन । म एउटा उसलाई सुहाउँदो सहयोगी बनाउँछु"** - *उत्पत्ति २:१८*



**आफ्नो छिमेकीलाई आफू झैं प्रेम गर ।** - *मत्ति २२:३९*

हामी कसरी प्रेम गर्छौं मानिसलाई यस्तो कठिन र प्रतिस्पर्धात्मक खेल संसारमा ? के त्यो सबै सम्भव छ ?

जब हामी आफ्नो खेल खेली रहेका हुन्छौं परमेश्वरलाई खुसी पार्ने कुरा कस्तो देखिन्छ ? उत्पत्ति २ अध्यायले दुईवटा विषेश सिद्धान्त औंल्याएको छ, जून हामीले प्रयोगमा ल्याउनुपर्छ । पहिलो, हामीले हेरिसकेका छौं कि हाम्रो योग्यता हामीले कसरी प्रयोग गर्नुपर्छ ; दोस्रो र औपचारिक सिद्धान्त हो कसरी हामीले हाम्रा सम्बन्धहरु विकास गर्छौं । हामीले आउने अर्को चार अध्यायमा परमेश्वरलाई प्रसन्न पार्ने कुरामा मनन गर्नेछौं ।

उत्पत्ति १:२६ ले स्पष्ट पार्दछ कि हामी सम्बन्ध चाहनुहुने परमेश्वरले सृष्टि गरिएका हौं : "आउ हामी मानिस बनाउँ" । हामी बाइबलबाट थाहा पाउँछौ कि परमेश्वर त्रिएक हुनुहुन्छ : पिता, पुत्र र पवित्र आत्मा । इतिहासको त्यो स्मरणीय क्षण जब उहाँले स्वयं आफ्नो पुत्रलाई हाम्रो पापको खातिर क्रुसमा मर्नको निम्ति दिनुभयो त्यस बाहेक के तपाईंलाई यस्तो लागेको छ कि परमेश्वर कहिल्यै एक्लो हुनुभएन ? परमेश्वर सम्बन्धमा रहने र भलो परमेश्वर हुनुहुन्छ । मानव जाति उहाँको स्वरुपमा बनाइएका हुन् तसर्थ सम्बन्धमा बस्नको निम्ति पनि बनाइएका हुन् ।

यसैकारण मानिस एक्लो हुनु असल होइन । हामीले प्रेम पाउनु र प्रेम गर्नु जरुरी छ । उत्पत्ति २ को सर्न्दभ चाहिं एउटा मानिसको अर्को स्त्री सँगको वैवाहिक सम्बन्ध हो, प्रेम सम्बन्धको सबै भन्दा महत्वपुर्ण सम्बन्ध । सहयोगी र स्वस्थ सहयोगको अपेक्षा गर्ने सिद्धान्त हामीले अरु सबै मानविय क्षेत्रमा लागु हुन्छ, परिवारमा भएकाहरु साथीहरु र अब तिनीहरु पनि जो खेल मैदानमा छन् । हामीले गर्ने सबै कार्यमा परमेश्वरको स्वरुपको प्रदर्शन र घोषणा गर्नुपर्छ, र हामी खेलाडी भएका कारण हामीले त्यसलाई खेलमा पनि सम्लग्न गर्नुपर्छ ।

आफ्नो छिमेकीलाई आफू झैं प्रेम गर्ने र आफूलाई जस्तो व्यवहार अरुले

गरोस् भन्ने हामी चाहन्छौं त्यस्तो व्यवहार अरुलाई गर्ने धारणा खेलको यस्तो प्रतिस्पर्धात्मक संसारमा एउटा चुनौतीपूर्ण धारणा हो । अब अर्को तीन अध्यायमा हामीले 'हाम्रो छिमेकीलाई प्रेम गर्ने' भन्ने व्यवहारलाई आफ्नो समूहका साथीहरु, विपक्षी र पदाधिकारीमा प्रयोग गर्नसक्छौ सो अध्ययन गर्नेछौं ।

**विचार :**

जब येशू खीष्टले आफ्नो चेलाहरुलाई भन्नुभयो कि आफ्नो शत्रुलाई प्रेम गर, त्यो साँचीनै चुनौतीपूर्ण विचार थियो । छिमेकीलाई प्रेम गर्ने येशू खीष्टको आज्ञा खेलको संसारमा प्रयोग गर्न सजिलो हुँदैन ।

**छलफल प्रश्न :**

यदि यूगेनीओ मोन्टे(Eugenio Monte) ले आफ्नो पेचकिला बेलायती टिमलाई नदिएको भए, के कसैले उसलाई औंल्याउंने थियो ? तपाई के गर्नुहुन्थ्यो ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

प्रतिस्पर्धा गर्दा आफूलाई निरन्तर सोध्ने गर्नुहोस्, "मैले अहिले खेलिरहेको तरिकाले के मैले असल सम्बन्ध बनाइरहेको छु ?"



# ६. सबै एकै जनाको निम्ति र एक सबैको लागि

## *All for one and one for all*

*इदनवर्ग विश्वविद्यालयका(Edinburgh University) एक विद्यार्थी रगबि पहिलो टिमका नियमित सदस्य थिए तर उनी पछि पारीए । अर्को खेल सुरु हुनु भन्दा केही क्षण अघि मात्रै रेफ्रीले भने कि जून खेलाडी उनको स्थानमा खेल्न राखिएका छन् उनको जुत्तामा अवैध किला थियो । कसै सँग फाल्तु किला छ भनि उनले सोधे । जुन खेलाडीलाई असंलग्न गराइएको थियो उसको झोलामा फाल्तु किला थियो । उनी सुरुमा अक्मकाए किनकि उनले सोचें यदि उ चुप लागे भने उसँग फाल्तु किला छ भन्ने कसैलाई थाहा थिएन र उसले खेल्ने अवसर पाउन सक्थ्यो । तब उसले भन्यो, "म सँग जुत्तामा लाउने फाल्तु किला छ" र उसले त्यसलाई दिए ।*

**आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर । - *मत्ति २२:३९***

**प्रेम निष्कपट होस् । जून कुरा खराब छ, त्यसलाई घृणा गर । जून कुरा असल छ, त्यसमा लागिरहो । भातृ-प्रेमसँग एक अर्कालाई प्रेम गर । आफूलाई भन्दा बढी अरुलाई आदर गर । जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो । आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो । सन्तहरुको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख ।**

***- रोमी १२:९-१३***

एउटा अवकाश प्राप्त खेलाडीलाई सोध्नुहोस् उसले आफ्नो खेलका दिनहरुको कुन क्षण गुमाएको छ र खास गरि उत्तर आउँछ खिसी गर्ने र मित्रताको अवसर । धेरै बर्ष सम्म समूहको एउटा हिस्सा भएका कारण, सफलता र हारका क्षणहरु सँगै बाँट्दा मानिसहरुमा एउटा बन्धन बाँधिएको हुन्छ । तत्काल विजय र पराजयका क्षणहरुले तपाईं बलियो बन्धनमा बाँधिनु भएको हुन्छ । प्रतिस्पर्धाको माग अनुसार तपाईंहरु एक अर्का प्रति तुरुन्तै साधारण हुनुहुन्छ । तपाईंहरु प्राय दैनीक जीवनमा भन्दा एकअर्कालाई निरन्तर औंल्याउन र प्रशंसा गर्न सिक्नुहुन्छ ।

खेलाडीहरु बिच हुने सामूहिक अनुभवको अनुभुति अनौठो अनुभव हो । धेरै मानिसहरुको लागि नजिकको र लामो समय टिक्ने मित्रताको सुरुवात खेल मैदानमा भएको हुन्छ ।

सिक्काको अर्को भाग चाहिं जे भए पनि खेल मैदानमा आफ्नै समूहमा हुने प्रतिस्पर्धा हो । तपाईं र तपाईंको  असल मित्र प्रथम छनौटमा पर्ने गोल रक्षक हुन प्रतिस्पर्धा गरि रहनुभएको हुनसक्छ । प्रत्येक हप्ता तपाईं मध्य एक निराश हुनुहुन्छ ।

खेल दौरानमा यदि तपाईं कुर्सिमा हुनुहुन्छ भने, तपाईंहरु मध्य आधिले आफ्नो समूहका साथीले अंक प्राप्त गरोस् र जितौं भनि सोंच्नुहुन्छ । तपाईंहरु मध्य अर्को आधिले, विपक्षले अकं प्राप्त गरोस् जसले गर्दा मैदानमा छिर्ने मेरो अवसर बढ्नेछ भन्ने कुरा सोंच्नबाट आफूलाई रोक्न सक्दैनन् । के तपाईं भलाद्मी भई आफ्नो स्थानमा रहेर खेल्न जाँदै गरेको खेलाडीलाई शुभकामना भन्न सक्नुहुन्छ ? उनी घाइते हुँदा के तपाईं दुखि अनुभव गर्नुहुन्छ वा अब त्यो तपाईंको निम्ति भित्र छिर्ने अवसर हो ?

तपाईं कसरी आफ्नो साथीलाई आफू समान प्रेम गर्नुहुन्छ यदि खेलको अन्तिम पदक जित्ने चरणको खेलमा उसले तपाईंको स्थान लिएको छ ? समूहको साथीलाई प्रेम गर्न गाह्रो हुनसक्छ । यद्यपि खेलाडी भएका कारण खेलका समूह नै हाम्रो प्राकृतिक स्थान हो जाहाँ हामी इसाई समूदायमा



सिकेका कुराको नमूना प्रस्तुत गर्नसक्छौं । हाम्रो भूमिका भनेको येशू खीष्टको गुणहरु समूहमा ल्याउनु हो ।

जब हामी “आफ्ना समूहका साथीलाई आफू समान प्रेम गर्न बोलाइएका हौं” भने उनीहरुको सेवा गर्नु यसको एक पक्ष हो । हामीले आफ्नो सबै क्षमता परमेश्वरको आराधनामा लगाउनु पर्छ जसले ती योग्यता हामीलाई दिनुभयो र हाम्रो दलमा भएका “छिमेकीहरुको” सेवा गर्न दिनुभयो । सर्वप्रथम मेरो प्रदर्शनको फलस्वरुप म मेरो आवश्यकता तिर तानिनु हुँदैन ।

बरु, परमेश्वरको महिमाको निम्ति खेल मैदानमा आफ्नो सबै क्षमता प्रयोग गरि, परिणाम स्वरुप आफ्नो समूहका साथीलाई आफु समान प्रेम गरी म सधैं समूहका सबै रमाउँदा रमाउने र समूहका सबै रुँदा रुने अवसरको लागि भोकाउने छु, आफ्नो प्रदर्शनवाट आफ्नै फाइदा र अरुको पराजयले आफ्नै प्रतिष्ठालाई बढाउने प्रयास म गर्दिन । प्राय यो परिक्षा संकटको अवस्थामा आउने गर्छ ।

यदि तपाईको समूह ठुलो प्रतियोगितामा पराजित हुन्छ भने त्यसलाई सम्हाल्ने अनेकौं तरिकाहरु छन् । जब तपाईं लुगा बदल्ने कोठामा जानुहुन्छ त्यहाँ तपाईंमा र साथीहरुमा भयंकर उदासी छाएको पाउनुहुन्छ । ओठ टोक्दै आक्रोशित भई कोठाको एउटा कुनामा गएर एक्लै बस्नु यस्तो अवस्थाको सामान्य असर हो ।

तपाईं अरुलाई दोष्याउन पनि सक्नुहुन्छ “पहिलो कुरा त, यदि मेरीले छलाउँदा नछुटाएको भए म गाह्रो अवस्थामा पर्नुपर्ने थिएन । यदि सान्ट्राले अन्तिम क्षणमा यो गल्ति नगरेको भए ...” तपाईं अरुमाथि दोष सार्न खोज्नु हुन्छ । होइन ! यो समय आफूलाई दुई प्रश्न सोध्नुहोस् : के परमेश्वर लाई मैले सबै भन्दा असल चिज दिएँ, जस्तो सुकै अंक प्राप्त भएको होस् : के तत्काल म आफ्नो समूहका साथीलाई सहयोग गर्नसक्छु ? उनीहरुले तपाईंको बारेमा के सोच्छन् त्यो दिमागबाट हटाउनुहोस् र आफूले कसरी उनीहरुलाई सहयोग गर्न सक्नुहुन्छ त्यो सोंच्न थाल्नुहोस् !

आफ्नो समूहको साथीलाई आफू समान प्रेम गर्नु भनेको त्यही नै हो । यसले कुनै एक समय मैदानमा प्रश्न उब्जाउन सक्छ, “के म साथीहरुको भन्दा आफ्नै हितको बारेमा सोंची रहेको छु ?” जब यो सृजना हुनेछ, समूहको आवश्यकतामा केन्द्रित हुनु भनेको खलकूदमा परमेश्वरको तरिका अपनाउनु हो ।

समूहको साथीलाई प्रेम गर्ने भन्ने कूरा, हाम्रो जिम्मेवारी निभाउने कुरामा संलग्न हुन्छ । ब्रायन इर्भाइन(Brian Irvine) ले आफ्नो व्यवसायिक खेल जीवनबाट रातो कार्ड नखाई विदा हुन अति मन पराउंथे होलान् । रोज क्आउन्टि (Ross County) मा भएको खेलले उसलाई अप्ठेरो परिस्थितीमा पुऱ्याइदियो र समूहको निम्ति आफ्नो प्रतिष्ठालाई नै उनले बलिदान दिए ।

*म एउटा स्थिति छलाइरहेको थिए, जून अन्तिम पंत्तिको खेलाडीले छलाउने प्रक्रिया थियो जहाँ सहि चाल चालेको खण्डमा गोल बचाउने र आफ्नो समूहलाई पहिलेकै स्थानमा राख्ने मुकावला मैले गरेको हुन्थें ।*

*यसै स्थितिमा मैले बल छुटाएँ र मानिसलाई समात्न पुगें । मैले केवल पेनाल्टी मात्र दिलाईन जसले गर्दा अर्को खेलाडीले गोल गर्ने मौका पाए, १-० ले उनीहरुले खेल पनि जिते । म अन्तिम पक्तिंका खेलाडी भएका कारण मैले रातो कार्ड पनि पाएँ ।*

*मैले महसुस गरें कि खेलबाट निकालिएर मैले समूहलाई खसालें र पेनाल्टी दिलाएर एउटा गोल  खुवाएँ र हामीले खेलै गुमायौं । फुटबलको मैदानमा यो आफूलाई दिक्दारी र गाह्रो परिस्थितिमा पाउने क्षण हो जाहाँ क्षण भरमा निर्णय गर्नुपर्ने हुन्छ । आफ्नो समूहलाई हराएकोमा निराशा र दिक्दारी स्वीकार्नु परेतापनि तपाईंले आफ्नो हात र टाउको उठाउनु पर्नेहुन्छ ।*

*मलाई थाह छ मैले सही मनसायले छलाएको थिएँ । त्यो भन्दा बढी के गर्न सकिन्थ्यो, मैले त्याहाँ छलाउनु पर्ने नै थियो, यदि सरल सँग बल पाउने सोंचेको भए र त्यसो नगरेको भए पनि मैले समूहका साथीलाई निचा बनाउने नै थिए ।*



यसो गरेको भए खेलमा जे भयो त्यसको परिणाम भन्दा पनि अझ फराकिलो परिणाम हुनसक्थ्यो ।

रोमी १२:१०-१३ ले व्याख्या गर्दछ कि एउटा इसाई भएका कारण ख्रीष्टमा भएकाहरु प्रतिको तपाईंको प्रेममा कसरी असर गर्दछ । यी सबै ख्रिष्टिय समुदायको हृदयमा सिकेकाले, दोस्रो कदम चाहिं यो प्रेमको शैली खेलकुद समुदायमा अनुसरण गरेर, खेल ससांरको हेरविचार गर्नु हो ।

यदि समय लगानी गर्नुपर्ने कुनै ठाउँ थियो भने त्यो याहाँ तपाईंको खेलको क्लब नै हुनेछ, जाहाँ समुदायलाई सजिलै स्याहार गर्न सकिन्छ । इसाई खेलाडीको विश्वास दैनिक सम्बन्धहरुमा उल्था गर्न सकिन्छ किनभने उनको खेल खेल्ने शैलिले गर्दा त्यसको अधिकार उनले पाइसकेकी हुन्छे । तर त्याहाँ मुल्य चुकाउनु पर्ने हुन्छ । त्यो अभिप्रेरित हुनुपर्छ । उहाँलाई प्रतिनिधित्व गर्ने कुराहरुमा तपाईंको जीवनको संरचना बनाईनुपर्दछ ।

यसको अर्थ चाहिं समयको समर्पण, ताकतको समर्पण र पैसाको सन्दर्भमा मेरो खेललाई बढी प्रधानता दिनु हो । यसले खाली खेल्ने समयमा उपस्थित हुने मात्र जनाउँदैन तर समय दिने, विचारपूर्वक साथी बनाउने, फोनमा सम्पर्क गर्ने, सामाजीक समारोहमा उपस्थीत हुने, र यसलाई ध्यानपूर्वक लिन अतिरिक्त कार्यहरु गर्नु भन्ने जनाउँछ ।

यसको अर्थ यो पनि हुन आउँछ कि भेटघाट गरिने स्थलमा अन्तिम सम्म रहनु । साथीहरु सगँ बस्नु चिया, कफि वा जुस पिउनु, त्याहाँ कुरा गर्न र मानिसहरु चिन्न बस्ने । ठट्टामा सामील हुनुहोस् तर साथीहरुको वास्ता राख्नको निम्ति । जब निराश भएर कोही झुकिरहेको छ भने सोध्नुहोस् उसलाई के भएको छ । चासो दिनुहोस् ।

खेलकुदमा समय दिन नहिच्किचाउनुहोस् । तपाईं सोंच्नुहुन्छ होला खेलकुद ठिक छ तर महत्वपूर्ण भने होइन । जसको अर्थ म चाँडो भन्दा चाँडो यदि अर्को सभाको लागि निस्कन सक्छु भने म खेल्नेछु । यसले काम गर्दैन ।

खेलकुदलाई तपाईंको अभियान बनाउनुहोस् ! तपाईंले आफ्नो जीवनको धेरै मात्रामा समय जो सँग बिताउनु हुन्छ उ सँग सम्बन्ध बढाएर परमेश्वरको प्रतिनिधि गर्नुहोस्, धेरै जसोलाई येशू ख्रीष्टमा परमेश्वरले हाम्रो निम्ति के गर्नु भएको छ सो थाहा छैन । तपाईंलाई चिनेकाले उसले त्यो प्राप्त गर्न सक्नेछ !

**विचार :**

समूहका साथीहरु प्रति पूर्ण रुपले सर्मपित भएको सदश्य पाउनु कति मात्रामा असल हो ?

**छलफल प्रश्न :**

कहिले तपाईंलाई आफ्नो समूहका साथीलाई प्रेम गर्न मुस्कील हुन्छ ?

**व्यवहारमा ल्याउनु पर्ने कुरा :**

तपाईं पर्दा पछाडिको नायक हुनुहोस्, जसले सबै साधारण तर महत्वपूर्ण कार्यहरु गर्दछ ।



# ७.उसलाई मार!

## *Kill him!*

*म सम्झना गर्छु जब वीगनको(Wigan) लागि खेल्न म पहिलो पटक बेलायत आएको थिएं, म पिटिने गर्थें । मेरो श्रीमतीले साक्षी दिनसक्नेछ कि प्रत्येक हप्ता म आँखा छेउ कालो बनाएर घर आँउथें, मुहारमा काटेको हुन्थ्यो र जीउमा नीलदाम उठेको हुन्थ्यो, जुन निर्दयी रुपले गरिएको हुन्थ्यो ।*

*मैले परमेश्वर सँग कराँए, "म के गँरु, के म बदला लिउँ ?" तर उँहाले भन्नुभयो होइन, होइन, होइन, केवल केन्द्रित होउ र सबै कुरा म मिलाउने छु । र सुरुमा आउँदा मलाई पिट्ने मानिसहरु अहिले म कहाँ आएर हात मिलाउने गर्छन् । तिनीहरु म कहाँ आएर धन्यवाद दिँदै भन्छन्, "राम्रो खेल्यौ" । भाआइगा (Va'aiga Tuigamala)*

आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर । - *मत्ति २२:३९*

तिमीलाई सताउनेलाई आशिष् देउ, आशिष् देउ र नसराप । आनन्द गर्ने सँग आनन्दित होऊ; शोक गर्नेहरुसँग शोक गर । परस्परमा एक मनका भएर बस । घमण्डी नहोऊ, तर नम्र व्यक्तिहरुसँग सम्बन्ध गाँस । शेखी नगर । दुष्टताको बदली कसैसँग दुष्टता नगर । सबैको दृष्टिमा भलो हुने काम गर्न सचेत होउ । जहाँसम्म सम्भव छ, सबैसँग शान्तिपूर्वक रहो । मित्रहरु हो, बदला कहिल्यै नलेओ, तर परमेश्वरको क्रोधलाई स्थान देउ, किनकी यसरी लेखिएको छ : "बदला लिने काम मेरो हो, म सट्टा फेर्नेछू," तर प्रभू भन्नुहुन्छः
"तिम्रो शत्रु भोकाएको छ भने उसलाई भोजन देऊ; तिर्खाएको छ भने,

**पिउनलाई केही देऊ । यसो गर्यौ भने, तिमीले उसको थाप्लोमा आगोको भुङ्गरो राखे बराबर हुन्छ"**
**दुष्टतादेखि हार नखाऊ, भलाईले दुष्टतालाई जित ।**

*- रोमी १२:१४-२१*

जब खेल मैदानमा येशूको धार्मिक व्यवहार अन्र्तगत आफ्ना प्रतिस्पर्धीलाई प्रेम गर्ने सन्दर्भ आउँछ, दुई चीजले हामीलाई अन्यौलमा पार्दछ, प्रेम बारे हाम्रो बुझाई र प्रतिस्पर्धी प्रतिको हाम्रो मानसिक चित्र । प्राय खेलमा सिकाइन्छ कि प्रतिस्पर्धी हाम्रा शत्रु हुन् । जब सम्म तपाईं आफ्नो प्रतिस्पर्धी समक्ष माफी मागी रहनुहुँदैनौ तपाईं प्रतिस्पर्धात्मक भएको मानिदैन ।

तर पर्खनुहोस् ! हामीलाई प्रतिस्पर्धी चाहिन्छ । यदि खेलमा तपाईं माथि आउनुभएको छ, कारण तपाईंको विपक्षी कुनै परिस्थितिले उपस्थीत हुन सकेन, त्यो कस्तो साधारण । सरल छ -विपक्ष छैन त खेल छैन ! यसलाई अझ अगाडी बढाउने हो भने, आफ्नो प्रदर्शनको मज्जा लिने हो भने, हाम्रो विपक्षी समान स्तरको हुनुपर्छ । हकी खेल १०-० ले जीत्ने हो भने त्यो पहिलो पटक मजा हुन्छ । सधैं १०-० ले जीत्नु छिटैनै अल्छी लाग्दो हुन्छ । हामीलाई आफ्नो विपक्षी उचीत स्तरको चाहिन्छ ।

मानिसहरुले प्राय प्रेम भन्दा, नम्र भन्ने बुझ्दछ, जसको अर्थ हामी मायालु र प्रतिस्पर्धात्मक हुन सक्दैनौ । मैले मेरो विपक्षीलाई प्रेम गर्छु भने के उसलाई अकं प्राप्त गर्न दिनुपर्छ भन्ने बुझाउँदैन र ?

खेल तुलनाले जीवित रहन्छ । हामी समय संग वा आफ्नो विपक्षसँग तुलना गरेर हाम्रो स्तरको वर्णन गर्दछौं । परमेश्वरले दिनुभएको सिपलाई विकास गर्न हामीलाई त्यो प्रतिस्पर्धा जरुरी छ ।

यदि तपाईंलाई एक्लै मरभूमीको खेलकुद केन्द्रमा राखीयो भने त्यो साह्रै निराशा जनक हुन्छ । टेनिस मैदान, बल र ब्याटको महत्व नै के रहन्छ जब त्याँहा प्रतिस्पर्धा गर्न कोही छैन ? खेलकुदमा हामीलाई विपक्षीको



आवश्यकता हुन्छ । अझ, स्तरीय प्रतिस्पर्धाको लागि हामीलाई यस्तो विपक्षी चाहिँन्छ जो आफू समान राम्रो होस् ।

यदि हामी आफ्नो विपक्षीलाई शत्रुको रुपमा नभई छिमेकीको रुपमा हेर्दछौं, र त्यस्तो छिमेकी जसलाई येशूले आफू समान प्रेम गर्नु भन्नु भएको छ, यसले पक्कै पनि विपक्षी प्रतिको हाम्रो दृष्टिकोणमा सकारात्मक असर पार्दछ । हामी विपक्षीलाई यस्तो प्रकारले व्यवहार गर्छौं जसरी हामीलाई उनीहरुले गरेको चाहन्छौं, आदर सहित । हामीलाई असल खेल चाहिन्छ । हामीलाई राम्रो प्रतिस्पर्धा चाहिन्छ । सर्वोत्तम स्थानमा धकेल्न सक्ने विपक्षी भएको हामी चाहन्छौं । मानिसले प्राय मायालु हुनु र प्रतिस्पर्धी हुनुलाई एकै साथ लान सक्दैनन् तर माथि उल्लेख गरेको सन्दर्भमा प्रेम गर्नु भनेको प्रतिस्पर्धा गर्नु हो ।

यस अर्थले आफ्नो छिमेकीलाई प्रेम गर्नु भनेको, असल तरिकाले नियम भित्र रहेर उसलाई कठिन भन्दा कठिन हुने गरी सिपको प्रयोग गर्नु हो । यसो गर्नाले मैले विपक्षीलाई उत्कृष्ट खेलाडी हुन दवाव दिन्छु ।

यसै गरी मलाई पनि विपक्षीले मुस्कील हुने गरी आफ्नो सम्पूर्ण योग्यताले सामना गरेको चाहन्छु ताकी मलाई आफ्नो क्षमता प्रदर्शन गर्न जरुरी परोस् । त्यही हो आफ्नो विपक्षीलाई प्रतिस्पर्धाको अवस्थामा प्रेम गर्नु । विपक्षीले आफ्नो विरुद्ध असल प्रदर्शन गरोस् जसले गर्दा आफूमा भएका सबै गुणहरु प्रयोग गर्न परेको होस् । यो मिहेनतले खेल्नु हो तर अवैध सहुलियत खोज्नु होइन ।

त्यसैकारण मैले खेलमा आफ्नो छिमेकीलाई आफू समान प्रेम गर्नसक्छु, किनकी मैले परमेश्वरको इच्छा बुझेको छु । हाम्रा क्षमता प्रयोग गरेर उहाँलाई खुसी पार्छौं र हामी एक अर्कालाई त्यसो गर्न मदत गर्छौं ।

पक्कै पनि एउटै खेलमा प्रभाव पार्न मुस्किल छ । तर यदि तपाईंले

लिगमा खेल्नु भयो भने केही समयमै तपाईंले आफ्नो विपक्षीलाई चिन्ने मौका पाउनु हुनेछ, उनीहरुले तपाईंलाई कठिन तर असल विपक्षी भनेर आदर दिनेछन्, जसले रेफ्रीले नढेख्ने अवस्थामा अबैध फाइदा लिन खोज्दैन । खेल पछि जसो तपाईं सामाजिक हुन समय निकाल्नु हुन्छ, त्यस मौसम सकिने बेला सम्म, उनीहरुले चाल पाउने छन् कि, तपाईंले खेल्ने तरिकामा र सीप कौशलको प्रयोगमा ख्रीष्ट प्रतिको विश्वासले नै तपाईंलाई स्तरीय विपक्षी हुन प्रेरित गरेको छ ।

**विचार :**

यदि मैले विपक्षीलाई आफू समान प्रेम गर्न सक्दिन भने, मैले परमेश्वरको महिमाको लागि खेल खेल्न सक्दिन ।

**छलफलको प्रश्न :**

तपाईंको विपक्षीले असल खेलेको चाहनुहुन्छ कि खराब खेलेको चाहनुहुन्छ ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

खेल सकेपछि प्रतिस्पर्धी खेलाडी सँग चिनापर्चि र सम्बन्ध बढाउनुहोस् ।



# ८. अम्पाएरलाई प्रेम गर्नु - तपाईं गम्भीर हुनुहुन्न !

***Loving the umpire - you can not be serious !***

**आफ्नो छिमेकीलाई आफू समान प्रेम गर । - *मत्ति २२:३९***

**प्रत्येक व्यक्ति राज्यका अधिकारीहरु प्रति आज्ञाकारी रहोस्,किनकि परमेश्वरबाट आएको अधिकार बाहेक अरु कुनै अधिकार हुँदैन । सबै अधिकारीहरु परमेश्वरबाटै नियुक्त भएका हुन् । - *रोमी १३:१***

अधिकारीहरु प्रति इसाईहरुले हेर्ने दृष्टिकोण के हो ? यस्तो भनिएको छ कि रेफ्री र निर्णायक प्रतिको एउटै मात्र बाइबलीय उल्लेख यही हो 'अन्धो जन्मिएको मान्छे' । बाइबलले अधिकारी प्रति सोझै दृष्टिकोण प्रस्तुत नगरेको हुनाले, हामीले सान्दर्भीक बाइबलीय सिद्धान्त हेर्नुपर्छ । रोमी १३ ले राजनैतिक अधिकारीलाई अंकित गर्दछ तर खेलकुदका अधिकारीमा पनि यो प्रयोग गर्नसक्छौं, जबकि खेल अवधि भर सम्बन्धित अधिकारीहरुलाई आधिकारीक पदमा राखीएको हुन्छ र यदि हामीले आफ्नो छिमेकीलाई आफू समान प्रेम गर्ने हो भने रेफ्री र अम्पायरलाई यसबाट अलग्याएर हेर्न मुस्कील पर्छ ।

रोमी १३ अधिकारी प्रतिको समर्पण बारेमा हो । के, यसको अर्थ इसाई खेलाडीहरुले रेफ्रीलाई कहिल्यै प्रश्न नगर्ने हो त ?
हामीले पहिल्यै जानकारी राखिसक्यौं कि, प्रेम भनेको के हो भनि बुझ्न

जरुरी छ । खेलका अधिकारीलाई प्रेम गर्ने भन्दैमा उसले नराम्रो निर्णय प्रस्तुत गरेको बेला, “राम्रो खेल हजुर” भन्नु भनि बुझाउँदैन । हाम्रो लक्ष्य भनेको उनीहरुलाई सके सम्म राम्रो निर्णय गर्न सघाउनु हो । सम्भवत: तपाईंले भन्न सक्नुहुन्छ, जस्तै “धन्यवाद अम्पायर । मलाई लाग्छ तपाईंले खेललाई राम्रो सँग नियन्त्रणमा राख्नुभयो तर तपाईंले दिनुभएको त्यो पेनाल्टीको बारेमा मलाई स्पष्ट सँग बुझाई दिनुहुन्छ कि” ।

ग्रज लिन्भेली(Greg Linville) भन्नुहुन्छ ‘अधिकारी सँग शान्तिमा बस्नको लागि आफ्नो मनमा लागेको कुराहरु व्यक्त गर्ने कुरा पनि संलग्न हुन्छ । समय समयमा अधिकारीहरुलाई प्रेरित गर्न आवश्यक हुन्छ .... यस्तो समय पनि आउँछ खेल खेलीरहँदा, जहाँ खेलाडी वा प्रशिक्षकले प्रेमपूर्वक अधिकारीलाई राम्रो निर्णय गर्न प्रेरित गर्नुपर्छ । हाम्रो प्रमुख उद्देश्य अधिकारीलाई प्रेम गर्नु, विपक्षलाई प्रेम गर्नु र असल रुपमा सञ्चालित प्रतिस्पर्धा प्राप्त गर्नु हो ।’

गेभिन पिककले(Gavin Peacock) इसाई भएर झण्डै १५ वर्ष व्यवसायिक फुटबल खेले । उनको समयमा केही रेफ्रीहरुको सामना उनले गरेका थिए । काहाँ रेखा खिच्नु पर्छ भन्ने कुरामा उनी स्पष्ट थिए : ‘मलाई लाग्छ रेफ्रिलाई विरोध गर्नु उचित छ, तर त्यस्तो स्थिती सम्म मात्र जहाँ उनलाई अनादर नहोस् । फुटबल केही हद सम्म मानसिक प्रतिस्पर्धा हो र विपक्षले फाइदा उठाउन खोजिरहेको छ भन्ने कुरा अधिकारीले चाल पाएको छ कि छैन भनि निश्चित गर्नु प्रतिस्पर्धाको एक अंश हो ।’

यदि विपक्षी खेलाडी वा प्रशिक्षक सँग भयभीत भएर अधिकारीको निर्णयमा असर परेको महसुस तपाईंले गर्नुहुन्छ भने आदर सहित अधिकारीलाई जानकारी गराउनु उचित हुन्छ । तर आफैले पनि सोहि कुरा गर्नु उचित हुँदैन । समूहको क्याप्टेनको नाताले यदि तपाईंले सुरुमै महसुस गर्नुहुन्छ कि स्थिती विकास हुँदै पछि गएर शारिरीक झै झगडा हुनसक्छ भने, रेफ्रीलाई आवश्यक पर्दा महत्वपूर्ण निर्णय गर्न नडराउन प्रोत्साहन गर्नु निकै सहयोगी हुन्छ ।

जब तपाईंले गल्ती नगर्दा पनि तपाईंको विरुद्ध निर्णय सुनाईन्छ भने तपाई कस्तो प्रतिक्रिया जनाउनु हुन्छ ? निस्संदेह तपाईंको निर्णय केही हद



सम्म प्रभावित हुन्छ । सो समयमा र त्यसको बारेमा पुन:विचार गर्दा तपाईंले धेरै ध्यान दिनुपर्दछ । यदि तपाईंले त्यसप्रति कुनै प्रतिक्रिया देखाउनु भएन भने रेफ्रीले सोच्नसक्छ कि तपाईंले गर्नु भएको गल्ति स्विकार्दै हुनुहुन्छ, जबकि तपाई सोच्नुहुन्छ त्यो पेनाल्टि दिनु उचित थिएन । यसमा बहस गर्नु व्यर्थ हुन्छ किनभने रेफ्रिले कुनै पनि हालतमा आफ्नो निर्णय फेर्दैन । आदर सँग विरोध गर्नु चाँही राम्रो प्रतिउत्तर हो ।

आधुनिक खेलकुदमा असम्मत हुनु ठूलो समस्याको रुपमा देखिएको छ । जब खेलमा कुनै घट्ना घट्छ त्याहाँ असम्मत भएको पाउँदछौं जबकि रेफ्रीलाई “मेरो बल”, “उसले मेरो लूगा तान्यो” भनेर आफ्नो विपत्ति रेफ्रीलाई भन्न सकिन्छ । यो मौका केही क्षण (एक दुई सेकेण्ड) को लागि मात्र हुन्छ ।

रेफ्रीले निर्णय सुनाइसकेपछि मात्र असम्मत वा भिन्न मतले स्थान पाउँछ । यो निर्णय प्रतिको नकारात्मक प्रतिक्रिया हो -“रेफ्री के तपाईं अन्धो हुनुहुन्छ”, “तपाई साचैं भनिरहनु भएको छैन”। यस्तो प्रतिक्रिया निर्णयको प्रमाण माग्नु भन्दा धेरै अलग छ । त्यस्तै गरी, निर्णय स्वीकारेको तर अधिकारी प्रति आदर र शान्त सीत केही गल्ति भएको छ भनि औल्याउँनु भन्दा पनि धेरै अलग छ ।

म इसाई खेलाडीहरुलाई सुझाव दिन चाहन्छु कि उजुर गर्नु स्वीकार्य छ तर असम्मत हुनु चाँही घेरा पार गर्नु हो । समाजले असम्मत हुनुलाई जीवन र खेलको एउटा भाग भनी स्वीकार्छन् तर यही क्षेत्रमा इसाई खेलाडीले आफूलाई भिन्न रुपमा प्रस्तुत गर्न सक्दछन् ।

ध्यानमा राख्नुहोस् कि अधिकारीहरु पनि केवल एउटा मानिस हुन् । उनीहरुको पनि खेल दौरानमा राम्रो र नराम्रो प्रदर्शन हुन्छ, जस्तो तपाईंको हुन्छ ।

**विचार :**

खेलका अधिकारीहरु प्रति मेरो दृष्टिकोण यस्तो हुनुपर्छ : आफू कति उम्कन सक्छु भनि सोंच्नु भन्दा असल प्रतिस्पर्धा गराउन मैले अधिकारीलाई कसरी सहयोग गर्नसक्छु भनि सोंच्नुपर्छ ?

- *ग्रज लिन्भेली* (Greg Linville)

**छलफल प्रश्न :**

यदि रेफ्रीले खेलमा साह्रै नराम्रो गरेको छ भने तपाईले खेल सकिसके पछि के भन्नुहुन्छ ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

पदाधिकारीलाई धन्यवाद दिन समय छुट्टयाउनुहोस् ।

*सन् २००२ को हेनीकेन कपको(Heineken Cup) अन्तिम खेल नाटकीय रुपमा चरम सीमामा पुग्यो । लेइसीस्टरले(Leicester) १५-९ ले अन्तिम*



# ९. व्यवसायिक बेइमानी

## *Professional foul*

*क्षणमा अग्रता कायम गरेका थिए तर मुनस्टरको(Munster) अकं प्राप्त गर्ने मौका छ । यदि उचित कदम चाल्न सके मुनस्टरले खेल जित्नसक्छ । मुनस्टरले बल अगाडी बढाएको थियो र पिटरले बल छिराउन लाग्दै थियो त्यति नै बेला लेइसीस्टर फ्ल्यांकर नील ब्याकले (Flanker Neil Back) अवैध रुपले बललाई हिर्काइ बल आफ्नो पक्षमा पार्दछ । रेफ्रीले यो दृश्य देख्न सकेनन् । यस प्रक्रिया लगतै लेइसीस्टरले हेनीकेन कप आफ्नो हात पाऱ्यो । खेल सके पछि, नील ब्याकले यसो भन्यो, "मैले त्यही गरें जुन गर्नु पर्दथ्यो ।"*

स्त्रीलाई उहाँले भन्नुभयो,
"तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढाइदिनेछु । दु:खसँग तैंले बालक जन्माउनेछस् । तेरो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तँलाई अधीनमा राख्नेछ ।"
त्यसपछि आदमलाई उहाँले भन्नुभयो,
"तैंले तेरी स्वास्नीको कुरा सुनेर मैले नखानु भनेको रुखको फल खाएको हुनाले, "भूमि तेरो कारण श्रापित भएको छ । तेरो जीवनभरि दु:खसँग त्यसको उब्जनी तैंले खानेछस् । त्यसले तेरो निम्ति काँढा र सिउँडीहरु उमार्नेछ, र तैंले खेतको सागपात खानेछस् । माटोमा नफर्कुन्जेल तेरो निधारको पसीनाले कमाएको भोजन तैंले खानेछस् । किनकि माटैबाट तँ निकालिएको थिइस् ।
तँ माटै होस् र माटैमा फर्किजानेछस् ।" - *उत्पत्ति ३:१६-१९*

उत्पत्ति ३ अध्यायमा हामीले पाप पहिलो पटक देख्छौं । पापले प्रवेश तब पायो जब आदम र हब्वाले परमेश्वरको अधिकारको उलंघन गर्ने निर्णय

गऱ्यो, प्राय त्यसलाई "पतन" भन्ने पनि गरिन्छ किनकि उनीहरुको त्यो फल खाने कुराले उनीहरु परमेश्वरको स्वरुपमा बनाइएर पनि सन्तुष्ट नभएको देखिन्छ, उनीहरुले अझै बढ्ता चाहेको भन्ने बुझीन्छ । उनीहरुले परमेश्वर सँग बराबर हुन खोजेको देखिन्छ : उनीहरु जान्ने बन्न खोजेको बुझिन्छ ।

संयोगवश ग्रीक भाषामा पापलाई बुझाउने एउटा शब्द खेलकुदको रुपक अलंकार हो । त्यो शब्दले प्रहार गर्नु र लक्ष्यबाट चुक्नु, उद्देश्यबाट तल झर्नु भन्ने बुझाउँछ । हामी एउटा खेलाडी भएर जसरी प्रहार गर्ने सन्दर्भ बुझ्दछौं, त्यसै गरी इसाई भएकोले हामी परमेश्वरको स्तरबाट तल झर्नु भनेको के हो भनि बुझ्दछौं ।

निचा हुनुको परिणाम चाहीं न्याय हो । उत्पत्ति ३:१४ मा परमेश्वरले भन्नुहुन्छ, "तिमीले यसो गरेकाले ...? र सर्प, आदम र हाब्वालाई अंकित गर्दै उनीहरुको कार्यको परिणाम सुनाइन्छ । हाम्रो सम्बन्धको परिणाम उत्पत्ति ३:१६ मा व्याख्या गरिएको छ । "तेरो सुत्केरी वेदना म ज्यादै गरी बढाइदिनेछु । दु:खसँग तैंले बालक जन्माउनेछस् । तेरो इच्छा पति तर्फ नै हुनेछ, र त्यसले अधीनमा राख्नेछ ।" अनाज्ञाकारीताको कारण हाम्रो सबै सम्बन्धहरु अब तोडिएको छ किनकि परमेश्वर सँगको हाम्रो सम्बन्ध तोडिएको छ । सोही समय उत्पत्ति ३:१८ ले उल्लेख गर्दछ कि "त्यसले तेरो निम्ति काँडा र सिउँडीहरु उमार्नेछ" । हाम्रो काम, हाम्रो सीपको प्रयोग पनि टुट्यो ।

बाइबलले बताउँछकि आदम र हव्वाको पापले हामी सबैलाई असर गर्दछ, उनीहरुको पापको कारणले हामी सबै पनि पापीहरु हौं । यद्यपि सोही समय, आफ्नो इच्छाद्वारा हामी पापलाई स्थायित्व दिन्छौं र हामी आफ्नो कार्यको निम्ति स्वयं जिम्मेवार हुन्छौं । सम्पूर्ण उत्पत्ति नै मलिन भयो । स्वार्थीपन र पापमय स्वभावले गर्दा, कार्य र सम्बन्धहरुको आनन्द लिनलाई परमेश्वरले जून मानिसहरु सृष्टि गर्नुभयो, अब त्यो नास भएको छ ।



पापले सबै चीज तोड्दछ, अब सबै चीज दोषी भएको छ । हामीले प्रार्थना गर्ने तरिकालाई पापले बिगारेको छ, बाइबल पढ्ने तरिका बिगारिदिएको छ । हामीले प्रयोग गर्ने यौन क्रियाकलापलाई त्यसले बिगारेको छ । यसले हाम्रो खेल खेल्ने तरिका बिगारेको छ । त्यसैले हामी छक्क पर्नु पर्ने कुरा छैन, संसारको अरु क्षेत्रमा झैं खेलकुदको क्षेत्रमा पनि हामीले प्रशस्त पाप भेटाउँछौं ।

आधुनिक व्यवसायीक खेलकुदको सन्दर्भमा सम्भवत: नील ब्याक (Neil Back) सहि छ उसले त्यही गऱ्यो जे उसलाई गर्न जरुरी थियो र अन्य खेलाडीहरुले पनि त्यस्तै गर्नेगर्थे होला । बि.बि.सी.(BBC) रेडियोमा दुई दिन पछि सोही सन्दर्भमा छलफल गर्दै बेलायतका प्रतिष्ठीत खेलाडी ब्रायन मोरले (Brian Moore) नील ब्याकको पक्ष लिंदै यसो भने न्यूजील्याण्ड, अस्ट्रेलिया र दक्षिण अफ्रिकाका खेलाडीहरुले त्यसरी नै खेल्छन् र यदि बेलायतका खेलाडीहरु अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न चाहन्छन् भने सोही नियममा र ढंगले खेल्न जरुरी छ ।

इसाई खेलाडीले आदर सहित यस्ता तर्कलाई नकार्नु पर्दछ । जित्न जरुरी छ । प्रतिस्पर्धाको उद्देश्य नै त्यही हो । प्रतिस्पर्धात्मक हुनु कुनै लाज मर्दो कुरा होइन । तथापि, इसाई खेलाडीले एक दर्शकको निम्ति खेल्दछ, जसले खेलको नतीजा भन्दा खेलाडीको चालचलन र अभिप्रायलाई ध्यानमा राख्नुहुन्छ । विजयी भएर मात्र पुग्दैन ।

मानविय पापको साक्षी हाम्रो वरपर सबै ठाउँमा छ, खेलको संसारमा पनि प्रशस्त मात्रामा छ, तर अन्य ठाउँमा भन्दा कम भने छैन । त्याहाँ छल छ, आफ्नो चाल चलनलाई वास्ता नगरी जित्ने कोशिश छ, अधिकारीहरुको आँखा छल्ने खेलाडीहरु छन्, झुटा अभिनय गर्नेहरु छन्, झुटा आरोप लगाउनेहरु छन् । खेलको संसारलाई परमेश्वरको बाटोमा ल्याउन जरुरी छ । यसप्रति हामी ढाड फर्काउन पनि सक्छौं वा हामी त्यसलाई सच्याउने बाटो पनि भेटाउन सक्छौं ।

**विचार :**

मानविय पापी स्वभावको कारण खेलको संसार प्रदुषीत भएको छ, जसरी अरु मानविय कार्यहरु प्रदुषीत भएको छ र त्यसलाई उद्धार र संरक्षणको खाँचो छ ।

**छलफल प्रश्न :**

के इसाई खेलाडीले जानी जानी गल्ती गर्नुहुन्छ ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

आफ्नो समूहमा इमान्दार र स्वाभिमान बन्नको निम्ति आवाज उठाउने व्यक्ति बन्नुहोस् ।

**किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पापहरुका निम्ति सदाको लागि एक चोटि मर्नुभयो, धर्मी जन अधर्मीहरुका निम्ति ।**

-१ पत्रुस ३:१८



# १०. खेल पुन: आरम्भ गर्नु

## *Restarting the Game*

*नदुका ओदीजोर (Nduka Odizor), विम्बल्दनको (Wimbledon) क्वाटर फाइनल खेलको लागि सन् १९८० मा हल्याण्डको घाँसे मैदानमा खेल खेल्न तयार थिए, त्यसै बेला उनले थाहा पाएकि उनको विपक्षी खेलाडी केही कुराले निराश थिए । "मैले सुनें कि घाँसे मैदानमा खेल्न चाहिने जुत्ता पाउन उनी असमर्थ भइन् जसको कारण खेल अवधीमा उनी चिप्ली र हेकी थिइन् । मैले आफ्नो एक जोडी जुत्ता उसलाई लागाउन दिने प्रस्ताव राखें । मेरो विपक्षी खेलाडीको अनुहारमा आश्चर्यपन देखियो । उनी वास्तवमा सोंच्दै थिए होलान्, 'कसरी कोही पनि यस्तो मुर्ख हुनसक्छ ?' उनको अनुहारमा त्यो स्पष्ट देखिन्थ्यो, 'याहाँ होटलको चावी छ, मैले भने, 'यदि तिमी चाहन्छौ भने जाउ गएर ल्याउ वा कसैलाई लिन पठाउ ।' जब प्रतिस्पर्धाको लागि बोलाईयो उनले मेरो जुत्ता लगाइरहेका थिए ।"*

**यसकारण भाइहरु हो, परमेश्वरका कृपाद्वारा म तिमीहरुलाई आग्रह गर्दछु कि तिमीहरुले आ-आफ्ना शरीरलाई परमेश्वरमा जिउँदो, पवित्र र ग्रहणीय बलिदानको रुपमा अर्पण गर, जून तिमीहरुको यथोचित आराधना हो । यस संसारसित एकै चालका नहोओ तर तिम्रो मनको नवीकरणद्वारा परि वर्तित होओ अनि परमेश्वरका असल ग्रहणीय र सिद्ध इच्छा के रहेछ भनेर तिमीहरु प्रमाणित गर्न सक्नेछौ । - *रोमी १२:१-२***

जब पाप संसारमा भित्रियो र हामीले त्यसलाई अझ हाम्रो जीवनमा नियन्त्रण गर्न दियौं, त्यसले सबै चिज भ्रष्ट गर्‍यो - खेलकुदलाई र खेल्ने तरिकालाई पनि त्यसले भ्रष्ट गर्‍यो । सु-समाचार चाहिं यही हो कि येशू ख्रीष्टको मृत्युद्वारा, पापको पराजय भएको छ । परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभयो र उहाँ नै एक मात्र हुनुहुन्थ्यो जसले कहिल्यै पाप गर्नुभएन । जब उहाँ मर्नु भयो उहाँले हाम्रो पापको सँजाय

भोग्नुभयो ताकि परमेश्वरको न्यायको दिनमा हामी सँजाय पाउन देखि जोगिन सकौं । यदि ख्रीष्ट येशूले गर्नु भएका कार्यहरुमा हामीले विश्वास गऱ्यौं भने हामी अनन्त जीवनको हकवाला हुनेछौं र स्वर्गमा उहाँसँगै बस्न पाउनेछौं । त्यसै गरी हाम्रो यस जीवन पनि परमेश्वरको योजनामा, पवित्र आत्माको उपस्थितीबाट क्रमैसंग परमेश्वरको इच्छामा पुन:स्थापना हुनेछ ।

जब परमेश्वरलाई हाम्रो जीवन नियन्त्रण गर्नदिन्छौं, सबै भ्रष्ट चीजहरु, खेलकुद पनि सहि हुँदै जान्छ । परमेश्वरले त्यस्ता कुराहरु औंल्याउनु हुन्छ र भित्रै देखि कार्य गर्नुहुन्छ । उहाँले आफ्नो काम सुरु गर्नुहुन्छ र बाइबलद्वारा पवित्र आत्माले हामीलाई जीवनका क्रियाकलापहरु जून असल छैन त्यसलाई सच्याउन आव्हान गर्नुहुन्छ, । यसमा सबै क्रियाकलापहरु पर्दछन्, आफ्ना विपक्षी सँग खेलमा कसरी हामी प्रतिस्पर्धा गर्दछौं त्यो पनि यसमा संलग्न हुन्छ ।

रोमी १२ अध्यायमा हेर्नुहोस् । अघिल्लो एघार अध्यायहरुमा परमेश्वरले प्रभु येशू ख्रीष्टद्वारा हाम्रो निम्ति गर्नुभएका अचम्मका कार्यहरुको व्याख्या गरेको पाइन्छ । रोमी १२:१-२ मा पावलले रोमका बासिन्दाहरुलाई परमेश्वरको करुणामय ज्योतिमा जिउँन प्रोत्साहन दिंन्छन् "यसकारण, परमेश्वरका कृपाका दृष्टिकोणमा" इसाई नैतिकताहरु भनेको परमेश्वरले हाम्रो निम्ति प्रभु येशू ख्रीष्टमा गर्नुभएको कार्यको प्रतिउत्तर स्वरुप इसाईहरुको आज्ञाकारिता हो ।

पावलले भन्छन्, ख्रीष्टमा परमेश्वरले हामीलाई बचाउनु भएको छ र उहांको स्वरुप पुन:स्थापना गर्नुभएको छ । अब खेलकुदका योग्यताहरु पुन:स्थापना गर्न हामीसँग परमेश्वरको शक्ति छ, उहांको आनन्द र हाम्रो खेलका छिमेकी सँगको सम्बन्धको निम्ति ।

यो प्रक्रिया कस्तो देखिन्छ ? पावल, रोमीलाई पत्र लेख्ने लेखक भन्छन्, "म तिमीहरुलाई आग्रह गर्दछु कि तिमीहरुले आ-आफ्नो शरीरलाई परमेश्वरमा जिउँदो, पवित्र र ग्रहणीय बलिदानको रुपमा अर्पण गर -यो तिमीहरुको यथोचित आराधना हो ।"



एउटा जिउँदो बलिदान ! जब पावलले जिउँदो बलिदानको बारेमा लेख्दछन्, त्यो विपरीत लक्ष्य गरिएको अलंकार हो । बलिदानहरु जिउँदो हुँदैनन् । बलिदान भन्ने वाक्यांश उनले जानी जानी प्रयोग गरेका हुन् ।

यदि तपाईं खेलाडी हुनुहुन्छ भने आफ्नो शरीरलाई जिउँदो बलिदानको रुपमा अर्पणगर्नु भन्ने विचारको अब अतिरिक्त अर्थ लाग्छ । तपाईं खेल खेल्न जाँदै हुनुहुन्छ भने शरीर रहनु अति आवश्यक हुन्छ । तर त्यो शरीरलाई जिउँदो बलिदानको रुपमा अर्पण गर भनिएको छ, एउटा बलिदान, जो वेदीमा छट्पटाउँछ ! यसले खेल नखेल्नु भनी बुझाउँदैन, बरु हामीले खेल्नु पर्छ यस्तो प्रकारले, जसले आफ्नो शरीर येशू ख्रीष्टलाई दिएको छ ।

यो कठिन हुनसक्ने कुरा हो । यसको लागि तपाईंले जहिले पनि भिडन्त गरिरहनु पर्नेछ । पापले कहिले पनि हामी माथि हरेस खाँदैन । हामी सोँच्छौं कि हामीले त्यसलाई किला ठोकी सक्यौं ! हामी सोंच्छौं "ओहो राम्रो, यस महिना मैले त्यो परिक्षामा आफूलाई खस्न दिइन ।" र तपाईंले थाह पाउनु अघि फेरी त्यसमा तपाईं फसिसक्नु भएको पाउनुहुन्छ । त्यो काहाँवाट आयो ?

जब तपाईं एकदमै राम्रो खेलिरहनु भएको छ र तपाईंलाई थाह छ कि सबैले तपाईंको प्रशंसा गर्नेछन्, कति कठिन छ अभिमानी नभई बस्न र अन्तिम केही मिनेट बाँकीमा कसैले चाल पाउने छैन भनि आफ्नो खुट्टा हटाउनु ? परमेश्वरले थाहा पाउनुहुनेछ, र तपाईंले सारा समय, सम्पूर्ण रुपले उहाँलाई दिएको उहाँ चाहनुहुन्छ, अन्तिम क्षण सम्म पनि ।
जब तपाईंलाई कसैले निचा देखाउन खोज्दैछ र बिथोल्न चाहन्छ, खासगरी नियम विरुद्ध गएर, खेलको परिधिमा मान्य भएको हद भन्दा पनि अगाडी गएर, यस्तो बेला तपाईं कस्तो प्रतिक्रिया जनाउनु हुन्छ ? यसमा तपाईं कसरी व्यवहार गर्नुहुन्छ ? कति सुद्ध पारीएको हुन सक्नुहुन्छ तपाईं ? कसरी तपाईं सारा हृदयले प्रार्थना गर्नुहुन्छ र सबैलाई सँगै राख्नुहुन्छ र येशू ख्रीष्टको प्रतिनिधित्व गर्दै कसरी उनीहरु प्रति आदर देखाउनुहुन्छ जब उनीहरुले तपाईंलाई आदर गर्दैनन् ?

यसैकारण यसलाई जिउँदो बलिदान भनिएको । कोही पनि खेलाडी जसलाई खेलमा आफ्नो आत्मिकी बृद्धि अनुसरण गर्न सजिलो भएको छ र यसो गर्न कठिन पाउँदैन भने त्याहाँ केही गडबडी हुनसक्छ । यदि इसाई भएर तपाईंमा संघर्ष छैन भने त्याहाँ पक्कै केही अरु कुरा छ । यसले खास गरी यही बुझाउँछ कि तपाईं खीष्ट येशूमा त्यति प्रभावकारी हुनुहुन्न ।

येशू खीष्टको निम्ति तपाईं अग्र पक्तिंमा आउनु भएकै क्षण त्याहाँ संघर्ष शुरु हुन्छ । त्यसैले पावल भन्छन् यदि तपाईं येशू खीष्टको हुनुहुन्छ, यदि तपाईंको परिचय पुनःस्थापना भएको छ भने, जाउ -आफ्नो शरीरलाई जिउँदो बलिदानको रुपमा अर्पण गर, किनकि परमेश्वरमा यो पवित्र र ग्रहणीय छ ।

पावलले यसलाई आत्मिकि आराधना भनेका छन् । गीत गाउने वा आईतवारको एक घण्टालाई मात्र आराधना भनेर सोंच्छौ भने त्यसलाई दिमागबाट हटाई दिउँ । पावलको यस किताबमा हामीले देख्यौं कि आफ्नो साह्रा शरीर नै परमेश्वरलाई प्रसन्न पार्नको लागि दिनुपर्छ, २४/७ जीवनशैली किर्याकलाप !

आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहण योग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर, यो तिम्रो अतिमकि आराधनाको कार्य हो । जब तपाईंको सोंच, जीवन, समय र सम्पूर्ण कुराको हरेक अंश परमेश्वरलाई दिनुहुन्छ -त्यो हो आराधना ।

पावलले यो पनि भन्छ "पूर्ण रुपले परिवर्तित होओ" । यो पूर्ण रुपले परिवर्तन हुने कुरा इसाईहरुको आफ्नो कार्य होईन, तर पवित्र आत्माको कार्य हो । यद्यपि पूर्ण रुपले परिवर्तन हुनदिनु परमेश्वरको अगुवाईमा बहनु चाहिं हाम्रो जिम्मेवारी हो । हामी परमेश्वर तर्फबाट परिवर्तन हुनुपर्छ, यस संसारको ढाँचा अनुसार होइन ।

अब यसको अर्थ हुन्छ खेलको मैदानमा खीष्टको प्रतिनिधित्व गर्नु । तपाईं परमेश्वरको स्तरवाट खेल खेल्नुहोस् आफ्नो वरीपरीको वातावरण सँग



प्रभावित भएर होइन । सबैले त्यसै गर्छन् भन्दै तपाईंले अरुको लुगा तान्नु हुँदैन । यदि तपाईंले अरुले गरे जस्तै गर्नुहुन्छ भने तपाईं यस संसारको ढाँचामा हिँडिरहनु भएको छ, परमेश्वरमा पूर्णरुपले परिवर्तित भएर होईन ।

यो जीवनभरको कार्य हो । तर "ढाँचामा नचल" भन्ने कुरा त्यस्तो कुरा हो जून हामीले बारम्बार याद गरिरहनुपर्छ । यो ख्रिष्टिय उपदेशकको विषयको महत्वपूर्ण भाग भएको हुन जरुरी छ । दुखद रुपमा इसाईहरु, हामीहरुले संधै स्वीकार गर्नुपर्दछ कि हाम्रो जीवनको धेरै अंश यस युगको ढाँचामा चलेको छ ।

पल कक्स(Paul Cox) वेस्ट साइद चर्चको पक्षबाट किङ्गस्टोनमा र जिल्ला स्तरीय लिगमा खेल्दै थिए । यो शारीरिक रुपमा जटिल विपक्षी सँग खेलिएको एक कठिन खेल थियो जसले निर्णायक (रेफ्री)लाई दवाव दिई रहेका थिए । वेस्ट साइदले कर्नर किक दिए, त्यसबेला कक्स पोष्टको खम्बा सँगै थिए । कुनाबाट आएको बल अग्रपंक्तिबाट खम्बा भित्र छिरेर गोल भयो । बल खम्बा र कक्सको बिचबाट गयो । बल जालि तिर गयो र जालीमा भएको प्वालबाट सिधा बाहिर निस्कियो । रेफ्रीले गोल किक दिए । पल धेरै मध्यका एक थिए जसलाई के भएको थियो सो थाहा थियो । वास्तविक घटना रेफ्रीलाई भन्नको निम्ति उ सँग सोंच्ने केही समय थियो । विपक्षका खेलाडी सब छक्क परे । पलले कथालाई अघि बढाउँछन् : "केही क्षण तिर्मिराए पछि आएर रेफ्रीले गोल भएको घोषणा गरे । सबै विपक्ष समूहका खेलाडी आएर मलाई धन्यवाद दिए । जब म मध्य रेखामा गएँ, मैले याद गरिरहेको खेलाडीले म समक्ष आएर उनले गरेका अभद्र व्यवाहारहरुको लागि माफि मागे । निर्णयहरुमा हुने गरेका सबै खाले प्रश्नहरु ठप्प भए । खेल पछि पनि फेरी सबै जना आएर मलाई धन्यवाद दिए । लुगा बदल्ने कोठामा आएपछि पनि फेरी केही खेलाडीहरु आएर मलाई धन्यवाद दिए" । पूर्ण रुपमा परिवर्तन, संसारको ढाँचामा चल्ने होइन ।

अब तिमी पुनःस्थापना भइसक्यौ जाउ गएर मानिसलाई प्रेम गर, आफ्नो शत्रुलाई समेत, यस्तो व्यक्तिलाई पनि प्रेम गर जसले तिमीलाई सिधै पछाडीबाट लात्ता हान्छ । हामीलाई खेल्ने योग्यता दिइएको छ भने यो भन्दा

राम्रो उपाए हाम्रो अगाडी अरु के हुनसक्छ र ? यदि हामी पवित्र आत्माले भरिएका छौं भने, यस्तो परिस्थितिबाट हामी परिपक्व हुँदै जानेछौं ।

यो सजिलो भने हुनेछैन । जब खेल खेल्नु हुन्छ शारिरीक, मानसिक, भावनात्मक र आत्मिक रुपमा के तपाईं तन्कनु हुनेछ ? के तपाईं मानसिक सन्तुलन गुमाउनु हुन्छ ? के तपाईं अरुको पछाडी हिर्काउनु हुन्छ ?

तपाईंले खेल मैदानमा गर्ने हरेक व्यवहारले प्रभाव पार्दछ । जब मानिसले इसाई खेलाडीलाई देख्छन् उनीहरुले सोंच्छन्, "उनी मर्यादा पूर्वक हार्छीन् । उनी आफूमा भएको सबै अर्पण गर्छीन् । हामी जब हार्छौं उनी ढुक्क हुन्छे तर जे असल हो त्यसमा उनी सचेत हुन्छीन् ।" वा जब हामी झगडाबाट आफूलाई पन्छाउँछौं वा आक्रमण गर्न देखी पछि हट्छौं, समूहका साथीले याद गर्नेछन् ।

खेलमा हार्दा मानिसले भन्न सक्छन् कि, "उनी वास्ता गर्दिनन् । हामी हार्दा उनी विरोधमा सभ्य थिइन् ।" तर केही वर्षहरुमा मानिसहरुले थाहा पाउनेछन् । उनीहरुले जान्ने छन् कि तपाईं जित्न चाहनुहुन्छ । तपाईं आफ्नो क्षमता वृद्धि गर्न चाहनुहुन्छ । तपाईं आफूले भ्याए सम्म असल बन्न चाहनुहुन्छ । तर त्यस दिन तपाईंको खेल राम्रो नभएता पनि सहि तरिकाले तपाईं हार्नुहुन्छ ।

इसाई खेलाडी कस्तो देखिन्छ जब अरुले जे सुकै गरेतापनि अघि बढ्ने मानसिक जटिलता उनीहरुमा हुन्छ ? यदि केहि गल्ति हुनगएमा तपाईं भन्नुहुन्छ, "मैले गल्ती गरें, तर अघि बढ्दै जानेछु ।" यदि कसैले हिर्काएको खण्डमा तपाईं भन्नुहुन्छ, "यसले मलाई झर्को लगाउन, म दिने छैन । म क्रोधित हुनेछैन । म छल गर्नेछैन । अझ मजबुत भएर म त्यसमाथि विजय हासिल गर्नेछु, । शारीरिक, मानसिक र आत्मिक रुपमा म खेल्नेछु र प्रतिस्पर्धा गर्दै आफू सँग भएको सबै दिनेछु ।

हाम्रो पहिलो प्रतिक्रिया हुनसक्छ, हामी भन्नेछौं, त्यो सम्भव छैन । निश्चित खेलकुदमा शिष्टाचारको सूक्ष्मताका विषयमा चर्चाहरु पाईन्छन् ।



तपाईंले आफै आफ्नो खेलमा प्रयोग गर्नुपर्ने हुन्छ । इसाई खेलाडी कस्तो देखिन्छ ? उनीहरुले आफू सँग भएको सबै दिन्छन् र आफ्नो विपक्षीलाई आदर गर्छन् । उत्तम तवरले, उनीहरु नर्मतामा विजयी हुन्छन् र मर्यादा सहित पराजय स्वीकार्छन् ।

**विचार :**

यदि मैले उहाँको महिमाको निम्ति खेल्छु, भने त्यो आराधना हो । नत्रता त्यो मूर्तिपूजा जस्तै हो ।

**छलफल प्रश्न :**

तपाईंले खेल्ने खेलका कुन परिस्थिती हुन् जहाँ तपाईंलाई यस संसारका ढाँचामा नचल्न मुस्किल पर्दछ ?

**व्यवहारमा ल्याउनुपर्ने कुरा :**

थाहा गर्नुहोस् कि तपाईं युद्धमा हुनुहुन्छ र खेल खेल्न जाँदा आफ्नो निम्ति प्रार्थना गर्ने मानिसहरु तयार गर्नुहोस् ।

जर्ज बर्डर (George Burder) का अनुसार उन्नाइसौं शताब्दिमा इसाई कुनै पनि सिनेमा हलमा जान सक्दैनन् किनभने सिनेमाको निम्ति गरिएको प्रार्थना असंगत थियो । तपाईंले कसरी प्रार्थना गर्नसक्नुहुन्छ, उनी सोध्छन्, "प्रभु ! म सँग कभेन्ट बगैंचामा(Covent Garden) जानुहोस् । कलाकारहरुलाई आशिष दिनुहोस्, नाच्नेहरुलाई शक्ति दिनुहोस्, वाद्यवादन बजाउनेलाई साहयता गर्नुहोस्, हामीले आनन्दको साँझको मजा लिन सकौं र हाम्रो धार्मिक मान्यताको निम्ति साह्रा प्रस्तुतीलाई चित्रण गर्नुहोस् ।"

*निरन्तर प्रार्थना गर्नुहोस्*
१ थेसलोनिकी ९:१७

# ११. प्रशिक्षक सॅग कुरा गर्नुहोस्

***Talk to the coach***

हामी इसाई खेलाडी भएका कारण हामीले प्रार्थना गर्नसक्छौं भन्ने मात्रै होइन, तर हामीले खेलकुदको क्षेत्रको निम्ति अनिवार्य रुपमा प्रार्थना गर्नुपर्दछ । तर खेलकुदको संसारको निम्ति कसरी प्रार्थना गर्ने ?

सर्वप्रथम हामीले कुन कुराको निम्ति प्रार्थना गर्न सक्दैनौ त्यसमा स्पष्ट होउँ । हामी स्वार्थपूर्ण प्रार्थना गर्न सक्दैनौ, "प्रभु मेरो टिमलाई जिताउनु होस्" वा "मैले गोल प्रहार गर्न सकौं !"

- हाम्रो पहिलो प्रार्थना धन्यवादको हुन जरुरी छ । हामी खेल प्रेमी भएकाले आफ्नो शरीरको निम्ति परमेश्वरलाई धन्यवाद दिनसक्छौं, जसले हामीलाई प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ । परमेश्वरले दिनुभएको खेल खेल्ने वरदानको निम्ति धन्यवाद दिनसक्छौं ।
- क्लबमा आफ्नो संलग्नताको निम्ति प्रार्थना गर्नुहोस् ताकि परमेश्वरको महिमाको निम्ति तपाईंले आफ्नो योग्यता पूर्ण रुपमा र असल तरिकाले प्रयोग गर्न सकौं । तपाईंको प्रशिक्षक र मित्रहरु महत्वपूर्ण छ भन्ने कुरा ध्यानमा राख्दै अन्ततः हामी एक दर्शकका निम्ति खेल खेल्दै छौं भन्ने कुर ा याद रहोस् ।

- समूहका कप्तान र क्लबका पदाधिकारीहरुको खेलको निम्ति प्रार्थना गर्नुहोस् । खेल खेलाउने पदाधिकारीहरुको निम्ति प्रार्थना गर्नुहोस् - ताकि उहाँहरुको आँखा परमेश्वरले खोली दिउन् ! असल र निष्पक्ष खेलको निम्ति प्रार्थना गर्नुहोस् ।



- हार र जीत दुवैलाई समान रुपमा स्वीकार्न संकू भनि प्रार्थना गर्नुहोस् - हार्दा उदासीनता नहुने, नराम्रो सँग नखेल्ने वा बिचैमा नछोड्ने, र राम्रो खेल प्रदर्शन गर्‍यौं भन्दैमा घमण्ड नगर्ने तर साहस जुटाएर यसो भन्न सकिन्छ : धन्यवाद, म इसाई भएको हुंदा, मैले आज खेले जस्तै खेल्न परमेश्वरले वरदान दिनुभयो भन्ने कुरामा म विश्वास गर्छु, त्यसैले महिमाको भागिदार म होइन उहाँ हुनुहुन्छ ।

- आफ्ना मित्रहरु र विपक्षका खेलाडीहरुले तपाईंको खेल देखेर तपाईंले परमेश्वरलाई सेवा गरिरहनु भएको छ र तपाईं उहाँको स्तरबाट जीवन जिउँदै हुनुहुन्छ भन्ने कुरा देख्न सकोस् भनि प्रार्थना गर्नुहोस् ।

- आफ्नो समूहमा भएका साथीहरुको निम्ति प्रार्थना गर्नुहोस् विशेष गरी जो परमेश्वरले तपाईंको हृदयमा राखिदिनु भएको छ । जससँग तपाईंले आफ्नो विश्वास बाँट्नु भएको छ ।

**विचार :**

केही समाजशास्त्रीहरु खेलकुद रंगशालालाई आधुनिक मानवका गिरिजाघर भनि व्याख्या गर्दछन् । वचनको सहि अर्थको चेतनामा नियाल्ने हो भने हाम्रो खेल समूह हाम्रो गिरिजाघर हुनसक्छ, जाहाँ गएर हामी परमेश्वरको आराधना गर्दछौं ।

**छलफल प्रश्न :**

तपाईंले खेलको निम्ति प्रार्थना गर्न सक्नुहुन्न भनि मानिसहरु किन सोंच्छन् ?

व्यवहारमा ल्याउनुपर्ने कुरा :

क्लब जानु अघि सँधै प्रार्थना गर्नुहोस् ताकि परमेश्वरले तपाईंलाई ख्रीष्ट येशूको प्रतिनिधित्व प्रभावकारी रुपले गर्न मद्दत गर्नुभएको होस् ।

यदि तपाईं खेल प्रेमी हुनुहुन्छ र येशू ख्रीष्टलाई पछ्याउनु हुन्छ भने, जानुहोस् र खेल्नुहोस् ! आफ्नो समूहमा उहाँलाई प्रतिनिधित्व गर्नुहोस् । क्लबमा येशूको व्यक्ति बन्नुहोस् । इसाई जीवनको अंगको रुपमा त्यसलाई लिनुहोस्, परमेश्वर प्रतिको आराधनाको रुपमा ।

एक्लै गर्न कोशिश नगर्नुहोस् । यदि क्लबमा अरु इसाई पनि छन् भने संगै काम गर्नुहोस् । यदि छैन भने एक दुई जना खेलाडी खोज्नुहोस् र एक अर्कालाई समर्थन गर्नुहोस् । क्लबमा भएको संलग्नताको निम्ति संगै प्रार्थना गर्नुहोस् ।

यदि कुनै हप्ता तपाईं खेल मैदानमा रिसाउनु भयो भने आफ्नो समूहमा राख्नुहोस् र तपाईंहरुको लागि प्रार्थना गर्न लगाउनुहोस् । यदि तपाईंलाई समर्थन



# १२. खेललाई आफ्नो अभियान बनाउनुहोस् !

***Make Sport Your Mission !***

गर्ने केही साथीहरु छन् भने त्यो अलि सजिलो हुन्छ । उनीहरु तपाई र तपाईंले गवाही दिईरहनु भएको खेलाडीका निम्ति प्रार्थना गर्न निरन्तर समर्पित हुनेछ । यस्तो समूहले तपाईंलाई प्रोत्साहन दिनसक्छन् तर सोही समयमा उहाँहरुले तपाईंको सामना पनि गर्नेछन् किनकि तपाईंले याद गर्नुभएको होला पाङग्राले जमीनलाई हिर्काउँछ जब गाडी गुड्छ । तपाईंले त्यो हप्ता आफ्नो गवाही कस्तो रह्यो त्यसको प्रतिवेदन उहाँहरुलाई पेश गर्नुपर्ने हुन्छ ।

पवित्र आत्मा सँग तपाईंलाई ज्ञानी मित्र, प्रशिक्षक, सचिव वा कोही बनाईदिनुहोस् भनि प्रार्थना गर्नुहोस् र जानुहोस् र त्याहाँ गएर खेल्नुहोस् !